मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष १ • अंक २१४ • २०८० साल जेठ ३२ गते बिहीबार • Thursday 15, June 2023 • सूर्योदय: बिहान ५:०७ बजे • सूर्यास्त: साँझ ६:५९ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

# मधेशलाई एमालेले समर्थन जनाउनु खतराको विजारोपण : नेता एवं विश्लेषक




**दिपक कर्ण**
**जनकपुरधाम।**
गत माघ ४ गते पहिलो पटक विश्वासको मत लिएका मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले नेकपा एमालेले जेठ १ गते समर्थन फिर्ता लिएपछि जेठ ३० गते दोस्रो पटक विश्वासको मत लिएका छन्।
प्रदेश सरकारको दोस्रो कार्यकालका लागि २९ पुस २०७९ मा शपथ लिएसँगै कार्यभार सम्हालेका मुख्यमन्त्री यादवलाई ४ माघमा बसेको प्रदेशसभा बैठकमा १०२ जना प्रदेशसभा सदस्यले पहिलो पटक विश्वासको मत दिएका थिए।
दोस्रो पटकमा भने उनलाई प्रदेशसभामा उपस्थित शतप्रतिशत सांसदले विश्वासको मत दिए। मंगलबार विश्वासको मत लिँदा उनलाई प्रदेशसभाको पहिलो ठूलो दल नेकपा एमालेले पनि विश्वासको मत दियो।
जबकी एमालेबाट सरकारमा सहभागी भएका चारजना मन्त्रीहरुले चैत २२ गते राजीनामा दिँदै जेठ १ गते सरकारलाई दिएको समर्थनसमेत फिर्ता लिईसकेका थिए। मंगलबार बसेको प्रदेशसभा बैठकले मुख्यमन्त्री यादवलाई १०३ जना प्रदेशसभा सदस्यले विश्वासको मत दिए।
मुख्यमन्त्री यादवले दोस्रो पटक विश्वासको मत लिने क्रममा सरकारबाट बाहिरिसकेका नेकपा एमालेले पनि विश्वासको मत दिँदा अधिकांश आश्चर्यमा परेका छन्। यस विषयमा जनकपुरधामका अधिकांस विश्लेषकहरु समर्थन फिर्ता मात्रै नरहि सरकारमा सामेल आफना मन्त्रीहरुलाई फिर्ता समेत गरि पुनः समर्थन जनाउनु हुरी बतास आउनु भन्दा पहिलेको शुन्यता रहेको भनेर विश्लेषण गरेको छ।



**वृषेशचन्द्र लाल (तमलोपा)**
अहिले संघीय र प्रदेश सरकारमा सत्ताको खेल मात्रै भइरहेको छ। नेताको ध्यान नागरिकताको मुद्दा, भ्रष्टाचारको मुद्दालगायतकाहरुमा छैन। बजेट सबैठाउँमा समान रुपले र निष्पक्ष ढंगले प्रवाहित गर्ने मुद्दाहरुबाट ध्यान हटाएर सरकार र सत्तातर्फ मात्र सबैको ध्यान केन्द्रीत छ। एमालेले मधेस सरकारलाई गरेको समर्थन समर्थन नभई भविष्यमा यस सरकारका लागि खतराको विजारोपण छ। किनभने अहिले समर्थन गर्यो र भोलिको दिनमा यदि फेरि त्यस्तै कुनै समीकरण बन्यो र सरकार ढल्ने स्थिती भयो भने पुनः मुख्यमन्त्री ३० दिनभित्र विश्वासको मत लिन बाध्य हुनेछन्।
एमालेले भोलिको दिनमा खतराको स्थिती बनाएर राख्नका लागि र सरकार संकटमा परे समर्थन फिर्ता लिएर सरकारलाई पुनः विश्वासको

बाँकी पृष्ठ २ मा



**परमेश्वर साह (लोसपा नेपाल)**
राजनीतिमा जुन दल सैद्धान्तिक रुपले अगाडि बढ्दैन उसको भाँडभैलो मचाउने चेष्टा रहन्छ। एमालेले मधेस सरकारलाई समर्थन नभई घमर्थन गरेको हो। एमालेमा संस्कार, सिद्धान्तको कमी छ। यस्तो अवस्थालाई पेन्डुलमको राजनीति भनिन्छ। यसमा सबभन्दा ठूलो कुरा जनताले बुझ्नुपर्ने नितान्त आवश्य छ।
प्रतिपक्ष बिना चल्ने सदनको कुन अर्थ ? प्रतिपक्षी दलको नेताको हैसियतले सेवा सुविधा लिने काम मात्रै हो त प्रतिपक्षको ? त्यसैले एमालेको निर्णय संसदीय व्यवस्थाको मर्मविपरीत छ। एमालेलाई संस्कार छैन। एमालेले संघीयतालाई बुझ्ने कोशिस पनि गरिरहेको छैन। प्रतिपक्ष दलको हैसियतमा नबस्ने भए सेवासुविधा पनि लिनु नपर्ने थियो। एमालेले मौका पाए कुनैबेला पनि यो सरकारलाई धोका दिन

बाँकी पृष्ठ २ मा



**रोशन जनकपुरी (राजनीतिक विश्लेषक)**
संसदमा सबैको आ-आफ्नो स्वार्थ हुन्छ। मधेस सरकारमा नेकपा एमालेको पनि आफ्नो आन्तरिक कुनै समझदारी हुन सक्छ। यो आगामी दिनमा विस्तारै खुल्नेनै छ। अहिले विचरा जसपा बिचमा छ। हुनसक्छ गठबन्धनलाई मिलाएर अगाडि बढ्ने कुनै योजना छ कि उसको। अथवा यो स्थितीलाई शंकास्पद बनाउने प्रपन्च पनि हुनसक्छ। राजनीतिमा असम्भव केही छैन।
जुन संसद अहिले केन्द्र अथवा प्रदेशमा छ, उसका लागि जनताको हितले कुनै अर्थ राख्दैन। आफ्नो स्वार्थ पूर्ती भएपश्चात् मात्र जनताको बारेमा सोचिन्छ अहिलेको राजनीतिमा। वर्तमान स्थितीबाट पूर्णतः सुशासनको कुराले कुनै महत्व राख्दैन। अहिले त राजनीतमा भित्री र बाहिरी सम्बन्ध नै प्रमुख हुन्छ। जनता बस एउटा बहाना मात्रै हुन

बाँकी पृष्ठ २ मा



**डा. सुरेन्द्र लाभ (राजनीतिक विश्लेषक)**
नेकपा एमालेले सुरुमा मधेस सरकारलाई दिएको समर्थन, पुनः फिर्ता लिएको समर्थन र फेरि तेस्रो पटक दिएको समर्थन सबै राजनीति हो। देशमा चलिरहेको राजनीतिको फोहोरी खेलको यो एउटा अंश हो। एमाले फोहोरी खेलमा नम्बर वन खेलाडी छ। अहिले सबैभन्दा ठूलो खेलाडी एमाले छ र उसले मधेसमा पनि आफ्नो खेल हेराइरहेको छ। सारा कुरा केन्द्रिकृत भइसकेको छ। केन्द्रको आदेशानुसार नै प्रदेश र जिल्ला चलिरहेका छन्। जे आदेश आउँछ, पालना गरिन्छ। तत्काल यसरी नै चल्ने देख्छु म।
अस्थिरता, असन्तुष्टिको अवस्थामा कहिंपनि आशाको किरण नजर देखिदन। तर, आशा मार्न पनि हुँदैन, हामी आशावादी भएर बसौं। देशको राजनीतिमा यथावत रहेका र नयाँ प्रवेश गरेका सम्पूर्ण

बाँकी पृष्ठ २ मा

## के भन्छन् एमालेका नेताहरु ?



**नेकपा एमाले मधेस प्रदेशको संसदीय दलका नेता सरोजकुमार यादव**
संघीयताको सबैभन्दा बढि वकालत गर्ने र संघीयतालाई सबैभन्दा बलियो आवाजका साथ सम्बोधन गर्ने मधेस प्रदेशको सदनमा मुख्यमन्त्रीले दोस्रो पटक विश्वासको मत लिने क्रममा नेपाली संसदीय व्यवस्थाको संस्कृति र हाम्रो परम्परालाई प्रगतिशिल नजरले हेर्दै नेकपा एमालेले सरकारलाई विश्वासको मत दिएको हो।
नेकपा एमाले सरकारको दाहिने क्रमबाट अर्थात प्रतिपक्षबाट पनि समर्थन हुनु सामान्य विषय होइन। एमालेकै हस्ताक्षरमा बनेको मुख्यमन्त्री र एमालैकै हस्ताक्षरबाट शपथ ग्रहण गरेका मुख्यमन्त्रीले हामीसँग विश्वासको मत माग्दा हामीले संसदीय दलको बैठकमा वहाँलाई विश्वासको मत दिने आधार बनायौं। त्यतिमात्र नभई जसपाका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवसँग पनि मेरो टेलिफोनमा

बाँकी पृष्ठ २ मा



**संसदीय दलका उपनेता दीपेन्द्र ठाकुर**
नेकपा एमालेले विरोध मात्र नभई काम गर्ने व्यक्तिलाई समर्थन पनि गर्छ भन्ने भावना राख्दै विगतमा पनि मुख्यमन्त्रीलाई सहयोग र समर्थन दिएकै थियो र पुनः समर्थन गरेका छौं। मुख्यमन्त्री भाग्यशाली हुन्, जसलाई विपक्षीले पनि विश्वासको मत दिएका छन्। उनलाई विश्वास गर्ने मान्छेको लर्को हेर्दा हामीले पनि समर्थन गरेका छौं। उनको काम गर्ने शैली कमजोर हेरेपछि सहयोगको भावनाका साथ हामीले विश्वासको मत दिएका छौं। यहाँको विकासको गतिविधि अवरुद्ध भइरहेकोले काम गरेर देखाउन, जनताको मन जित्न पछाडि परिरहेकोले जनताको कामलाई केन्द्रमा राखेर अगाडि बढ्न हाम्रो समर्थन छ।
मधेश प्रदेश सभाको पहिलो दल एमालेका २३ सांसद छन्। कांग्रेसका २२, जसपाका १८, जनमत पार्टीका १३ सांसद छन्।

बाँकी पृष्ठ २ मा



**प्रा.डा. भोगेन्द्र झा (राजनीतिक विश्लेषक)**
मधेस प्रदेशमा संसदीय लोकतन्त्रको अभ्यास विपरीतका गतिविधिहरु भइरहेका छन्। संसदीय लोकतन्त्रको जुन राजनीतिक संस्कार हुनुपर्ने थियो त्यो कुनै दलमा छैन। अहिले नेकपा एमालेले गरेको यस्तो गतिविधि संसदीय लोकतन्त्रको विपरीत छ। यदी उसलाई समर्थन नै गर्नु थियो भने समर्थन फिर्ता लिनुपर्ने आवश्यकता किन ? मंगलबार जतिबेलासम्म संसद चल्यो त्यतिबेलासम्म लेवर आवरको मिसयुज भयो। तर, रिजल्ट फेरि पूरानै आयो। मुख्यमन्त्रीलाई भोलि आफूले शतप्रतिशत विश्वासको मत पाएको छु भन्ने अहंकार पैदा हुन सक्छ। संविधानमा स्थिरताको परिकल्पनाको कुरा उठाइएको छ। तर, स्थिरता नभई अस्थिरताको सिरिज प्रारम्भ भएको छ। यसले लोकतन्त्रका लागि ठूलो खतरा हुन सक्छ। अहिलेको राजनीतिमा नेकपा एमालेले लोकतान्त्रिक राजनीतिलाई गलत ट्र्याकमा लग्ने प्रयास गरिरहेको छ।
लोकतन्त्रलाई गलत दिशामा लग्ने प्रपन्चको रुपमा पनि यसलाई लिन सकिन्छ। यसले भोलिको भविष्य भयावह हुन सक्छ। राजनीतिमा जनआस्थालाई कायम गर्न सबभन्दा ठूलो कुरा शुसासन हो र शुसासन कायम गर्नका लागि शासनमा स्थिरता आवश्यक छ। वर्तमान समयमा अस्थिरता देखिन्छ। यसले सरकारको समग्र सिस्टममाथि प्रहार हुन सक्छ। सिस्टमलाई व्यक्तिगत र दलीय लाभका लागि सत्ता र शक्ति दुबैको दुरुपयोग हुने निश्चित छ। अन्ततः आम नागरिक झन समस्यामा धकलिने छन्। समृद्धिको गन्तव्य कहाँसम्म जान्छ त्यसको कुनै कल्पना गर्न सकिँदैन।

# नगराईनका वडाध्यक्ष र सचिव घुससहित पक्राउ



**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषाको नगराइन नगरपालिकाका एक वडाध्यक्ष र वडासचिवलाई घुस रकम सहित अख्तियार दुरुपयोग अनुसन्धान केन्द्रले पक्राउ गरेको छ।
बर्दिबासस्थित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयबाट खटेको टोलीले नगराइन नगरपालिका वडा नम्बर-२ का वडाध्यक्ष बुलन यादव र वडासचिव अमृत झालाई बुधबार साँझ पक्राउ गरेको हो। वडाध्यक्ष यादव र सचिव झाले प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयको ४० लाख रुपैयाँको योजनामा नगराइन-२ मा सडक निर्माण सम्पन्न भएपश्चात् सिफारिशवापत उपभोक्ता समितिका अध्यक्ष रोहित चौधरीसँग ७० हजार रुपैयाँ कमिशन मागेका थिए।
अख्तियारको टोलीले चौधरीको उजुरीका आधारमा दुबैजनालाई पक्राउ गरेको बताइएको छ। पक्राउ परेका दुबैजनालाई आवश्यक अनुसन्धानका लागि अख्तियारको कार्यालयमा लगिएको छ।

# प्रभु साहद्वारा योजना अनुगमन



**मधेशदृष्टि**
**रौतहट।**
पूर्व मन्त्री तथा आमजनता पार्टीका अध्यक्ष प्रभू साहले गृह नगर रौतहटको मौलापुर नगरक्षेत्र अन्तर्गत विभिन्न योजनाको अनुगमन गरेका छन्।
संघिय सांसद समेत रहेका नेता साहले मौलापुर नगरपालिका तथा विभिन्न निकायबाट संचालनमा रहेका आयोजनाहरुको बुधवार स्थलगत निरिक्षण तथा अनुगमन गरेका हुन्। पथराबुधराममा संचालनमा रहेका सडक स्तरोन्नति, स्वास्थ्य चौकी भवन निर्माण, अवरुद्ध रहेका सडक स्तरोन्नतिको अनुगमन गरेका थिए। उक्त अवसरमा अधुरो रहेको पथरा मावी भवन एवं कृषि विद्युतीकरणका विषयमा अन्तरक्रियाको समेत आयोजना गरिएको थियो।
मौलापुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामबाबु साहले पथरामा सडक स्तरोन्नति २ करोडको लागतमा भैरहेको जानकारी दिएका छन्। योजनाहरुको अनुगमन गर्दै उनले समयमै गुणस्तरीय ढंगले सम्पन्न गर्न निर्माण व्यवसायीहरु र प्राविधिक कर्मचारीहरुलाई निर्देशन दिएका थिए। अनुगमन निरीक्षणको अवसरमा नगर उपप्रमुख नागेन्द्र यादव, विभिन्न वडाका ध्यक्षहरु, निर्माण व्यवसायीहरु एवं जनप्रतिनिधी तथा स्थानियको उपस्थिति रहेको थियो।

# नीति तथा सुझाव सम्बन्धमा उपमेयर आलमलाई ज्ञापन



**मधेशदृष्टि**
**वीरगंज।**
उपभोक्ता हित संरक्षण मञ्च बिरगंज महानगर कमिटीद्वारा वीरगंज महानगरपालिकाका उपमेयर ईम्तियाज आलमलाई नीति तथा सुझाव सम्बन्धमा ज्ञापनपत्र बुझाएको छ।
बुधबार उपमेयर आलमकै कार्यकक्षमा पुगि महानगर अध्यक्ष अजित भुजेल र केन्द्रिय सदस्य धिरज शर्माले ज्ञापनपत्र पढेर बुझाएका थिए। ज्ञापनपत्रमा नेपाल अधिराज्यको संविधान -२०७२ मा तीन तहका सरकारको व्यवस्था गरेको अवस्थामा उपभोक्ताको मौलिक हक र संविधानको धारा ४४ अनुसार उपभोक्ता संरक्षण ऐन -२०७५, प्रदेश सरकारको विभिन्न ऐन तथा स्थानीय सरकारको कार्यक्षेत्र भित्र पर्ने स्थानीय सरकार संचालन ऐन बमोजिम बिरगंज महानगर पालिकाले आगामी आर्थिक बर्षको लागि तयार गर्न लागेको निति तथा कार्यक्रम र बजेट निर्माणका सन्दर्भमा १६ वटा सुझावहरु समावेश गरि कार्यान्वयनको लागि उपभोक्ता हित् संरक्षण मञ्च हार्दिक अनुरोध गर्दछ उल्लेख छ।
सुझावहरु वीरगंज महानगर पालिकामा रहेको खाद्य प्रयोगशाला ( ल्याब ) मा दक्ष जनशक्ति सहित आवश्यक साधन स्रोतको उचित व्यवस्थापन सहित नगर बजार अनुगमन समिति निर्माण गरि परिचालन गर्ने, बिरगंज महानगर भित्रका उपभोक्ताहरुलाई खानेपानी महसुल २० हजार लिटर सम्म निसुल्क गर्ने, आगामी आ. ब. बाट वीरगंज

बाँकी पृष्ठ २ मा




मधेश प्रदेशकै विशेषज्ञ अस्पतालको रुपमा स्तरउन्नति भएकोमा यस अस्पतालका सम्पूर्ण चिकित्सक, कर्मचारी तथा शुभचिन्तकहरुमा हार्दिक बधाई छ।

हाम्रा सेवाहरू :-



कैथलैबबाट मुटुसम्बन्धी सम्पूर्ण ईलाजमा रु. एक लाखसम्म छुट
चोटपटक लागि न्यूरो सर्जरी ईलाजमा रु. एक लाखसम्म छुट
MRI, CT SCAN
फ्री डाईलाइसिस सेवा
स्वास्थ्य वीमा कार्यक्रम
आमा सुरक्षा कार्यक्रम अन्तर्गत फ्री प्रसूति सेवा

वीरगंज हेल्थ केयर अस्पताल
बहुअरी, वीरगंज महानगरपालिका-१४
सम्पर्क नं.: ९८१४२९२००४
info@bhchospital.com
www.bhchospital.com

# अहमदिया संघद्वारा चिसो पानी वितरण




**मधेशदृष्टि**
**वीरगंज।**
प्रचण्ड गर्मीले आजित बनाइरहेका बेला 'सबै लाई प्रेम गर घृणा कसैलाई नगर' मुल नाराका साथ पर्सा जिल्लाको मुख्य सडकमा वीरगंज महानगरपालिका वडा नं १७ अलौं र १९ विन्दवासिनी संग जोडिएको तिलावे पुलमा बुधबार चिसो पानी तथा सर्बत वितरण गरिएको छ।
अहमदिया संघको आयोजनामा तिलावे पुलमा बटुवा , यात्रु, रिक्सा र ठेला चालकहरुलाई निःशुल्क पानी सर्बत वितरण गरिएको छ। गर्मीबाट थोरै भएपनि राहत पुगोस् भनेर बुधबार तिलावे पुलमा बटुवा, यात्रु ,रिक्सा , ठेला , अटो चालक गरि करिब २१०० सय जनालाई निःशुल्क सर्बत र चिसो पानी वितरण गरिएको अहमदिया संघ नेपाल बारा, पर्सा इन्चार्ज हासिन अहमदले बताए।
कार्यक्रममा अहमदिया संघ नेपालका राष्ट्रिय अध्यक्ष सलिम अहमद लगायत संघका सदस्यहरूको सहभागिता रहेको थियो।

# एनआरएमए कतारद्वारा नेपालीको शव उद्धार



**मधेशदृष्टि**
**जनकपुरधाम।**
डा.सिके राउत नेतृत्वको जनमत पार्टीका अन्तर्राष्ट्रिय संगठन गैर-आवासीय मधेशी संघ कतार शाखाले पुनः एक नेपालीको शव उद्धार गरी नेपाल पठाएको छ।
सोमबार जनमत पार्टी का अन्तर्राष्ट्रिय संगठन गैर-आवाशीय मधेसी संघ कतारशाखाले कतारस्थित नेपाली दूतावासको सहयोगमा एक नेपालीको शब फेरी उद्धार गरेर पठाएको हो। विगत २ वर्षदेखि कतारको अल अतियाह आर्टिकलचरल ग्रुप होल्डीङ कम्पनीमा कार्यरत ३९ वर्षिय लक्ष्मेशवर यादवको दुर्घटनामा परेर मृत्यु भएको थियो।
एनआरएमएका अन्तर्राष्ट्रिय अध्यक्ष तथा धनुषा जिल्ला क्षेत्र नं ४का संघीय सांसदको प्रत्यासी उम्मेदवार र जनमत पार्टी को केन्द्रीय सदस्य ई. शम्भु नाथ साहको निर्देशन,एनआरएम कतारका अध्यक्ष ई.विजय कुमार यादवको अध्यक्षतामा शवलाई नेपाल पठाइएको हो।नेपालमा जनमत पार्टीका मधेश प्रदेश समिति तथा पूर्व धनुषा जिल्ला उपाध्यक्ष फुल कुमारी यादव,एनआरएमए कतारको उपाध्यक्ष जितेन्द्र कुमार यादवको अगुवाईमा मृतक यादवको शव उद्धार गर्न सफल भएको जनाइएको छ।
शव हस्तान्तरणमा मृतकका छोरा पप्पु यादव मृतकका भाइ जिवन यादव, लगायतको उपस्थिती रहेको जनाइएको छ।

# साबुन बनाउने ७ दिने तालिम सम्पन्न



**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको बहुदरमाई नगरपालिका वडानं.३टोल पदमौलमा घरेलु तथा साना उद्योग कार्यालय वीरगंजको आयोजनामा ७ दिने साबुन बनाउने तालिम कार्यक्रम सम्पन्न भएको छ। उधमी सृजना तथा सिप बिकास कार्यक्रम अन्तर्गत घरेलु तथा साना उधोग कार्यालय वीरगंजले ७ दिने साबुन बनाउने तालिम कार्यक्रम सम्पन्न गरेको हो। बहुदरमाई नगरपालिका -३ टोल पदमौलमा १५ जनाको सहभागी महिलाहरुलाई ७ दिनको लागि साबुन बनाउने सिपमुलक तालिम गराई घरेलु तथा साना उधोग कार्यालय वीरगंजका प्रमुख धन्नजय सिहंले प्रमाण -पत्र बितरण गरेका थिए। घरेलु तथा साना उधोग कार्यालय वीरगंजका प्रमुख सिंहले तालिममा सहभागी महिलाहरुले सिप सिकेर आफ्नो घरमा स -साना उधोग खोलेर बिक्री बितरण गरि आय आर्जन गर्न सक्ने सुझाव दिए।
पर्साका महिला तथा पुरुषले धरेलु तथा साना उधोग कार्यालय वीरगंजबाट बिभिन्न किसिमको सिपमुलक तालिम हुने भएकोले समयमा फर्म भरी सिप आर्जन गरी आफ्नै घरमा स-साना उधोग खोलेर आय आर्जन गरी घर परिवार चलाउन सक्ने सो कुरा बताए। उधमी सृजना तथा सिप बिकास कार्यक्रम अन्तर्गत बहुदरमाई न.पालिकाको टोल पदमौलमा भएको ७ दिने साबुन बनाउने तालिम कार्यक्रमलाई समापन गर्दै प्रमुख सिंहले फेरी आउदो आर्थिक बर्ष देखि बिभिन्न किसिमको सिपमुलक तालिम संचालन हुने भएकोले सो तालिममा पनि सहभागी हुन आग्रह गरेका थिए सो सम्पन्न कार्यक्रममा ट्रेनर नरेश जैसवाल,तालिम कोडिनेटर सुदर्शन अधिकारी लगायतको उपस्थिति रहेको थियो।

# मधेश सरकारलाई एमालेले समर्थन जनाउनु खतराको.......

## वृषेशचन्द्र लाल (तमलोपा)

मत लिन बाध्य बनाउनेछ।
राजनीतिक संस्कारको हिसाबले कुनै दलले काम नै गरिरहेका छैनन्। जर्बजस्ती सत्ताको खेल भइरहेको छ। यो संसदीय संस्कारको विपरीत छ। संसदको सम्पूर्ण सांसदले सरकारलाई विश्वासको मत दिइसकेको अवस्थामा विपक्षी को ? बिना विपक्षीको संसदीय व्यवस्थाको के अर्थ ? त्यसैले एकतर्फ सरकारलाई समर्थन गर्नु र अर्कोतर्फ विपक्षीको बेञ्चमा बस्नु नैतिकता बेच्नु सरह नै छ। संघीय सदनजस्तै रोग प्रदेश सदमा पनि फैलिरहेको छ। यो संसदीय लोकतन्त्रका लागि ठूलो खतरा छ। अब जनतालाई पनि चेतनशिल हुनुपर्छ। जनता पनि जिम्मेवार छन्। जनताले राजनीतिक चेतना भएका व्यक्तिलाई मात्र निर्वाचनमार्फत छनौट गर्नुपर्ने आवश्यकता थियो। निर्वाचनको वर्तमान पद्धति पनि विकृतिले भरिएको छ। यसबारे गम्भीर चिन्तन गरेर मौलिक परिवर्तनको आवश्यकता छ। नेपालमा पूर्ण समानुपातिक पद्धतिको हिसाबले निर्वाचन हुँदा जातिवाद, पैसा र नेताको वर्चश्वको निदान धेरै हदसम्म हुन सकिन्थ्यो।

## परमेश्वर साह (लोसपा नेपाल)

पछाडि हट्दैन। अहिले एमालेलाई मधेश सरकारमा प्रवेश गर्न छटपटाहट छ त्यसैले उसले द्वैध चरित्र प्रदर्शन गरिरहेको छ।

## रोशन जनकपुरी (राजनीतिक विश्लेषक)

वर्तमान राजनीतिमा। बजेटको स्थिती निर्माणको क्रममा रहँदा जनताभन्दा बढि सांसदहरुको कोषमा बढि पैसा कसरी राख्न सकिन्छ भन्ने कुराले प्रक्षेपण गर्न सकिन्छ। सांसदहरुको जोड पनि यसतर्फ नै बढि देखिन्छ। यसले प्रष्ट हुन्छ कि जनताको हित कम र सांसदको व्यक्तिगत स्वार्थ बढि छ। त्यसबाट बँचे पार्टीको स्वार्थ र त्यसपछि मात्र जनता प्राथमिकतामा पर्छन्। त्यसैले यसले कुनै ठूलो अर्थ राख्दैन।

## डा. सुरेन्द्र लाभ (राजनीतिक विश्लेषक)

राजनीतिक खेलाडीहरुसँग कुनै आशा गर्ने ठाउँ छैन। संघीयताको जननी मधेस प्रदेश यदी छ भने जिम्मेवारी पनि यसले बढि नै बुझ्नुपर्ने देखिन्छ। तर, उक्त जिम्मेवारीलाई राम्ररी निर्वाह गर्न सकिरहेको छैन। जननी नै यसको हत्याराको रुपमा प्रस्तुत भइरहेको कुरा जनताको मानसपटलमा पनि खेलिरहेको छ। जनता, नेता, पार्टी र सत्ता अलग अलग हुँदै गइरहेको छ। न जनता संतुष्ट छन नेतासँग, न नेता संतुष्ट छन आफ्नो पार्टीसँग र पार्टीहरु सत्ता कब्जा गर्न नसक्दा संतुष्ट छैनन्। सराका सारा असन्तुष्टि चलिरहेको छ। मधेसमा जसपाको काँधमा जुन हिसाबले ठूलो जिम्मेवारी थपिएको छ त्यस हिसाबले उसले काम गर्न सकिरहेको छैन। संघीयताप्रति जनताको वितृष्णा भइरहेको अवस्थामा जसपाको सकारात्मक भूमिका आवश्यक देखिन्छ।
सफलता प्राप्त गर्ने अवसर रहेपनि जसपाको सरकार सफल हुन सकेको छैन। अहिले पनि समय छ। न्यून बजेटमा पनि नीतिगत रुपले राम्रो काम गर्न सकिन्छ। शिक्षा र स्वास्थ्यमा सुधार गर्न सके सबै गल्तीहरु क्षमायोग्य हुन सक्छन्। अहिलेपनि परिवर्तन गर्न सके जसपाले जस पाउन सक्छ।

## नेकपा एमाले मधेस प्रदेशको संसदीय दलका नेता सरोजकुमार यादव

सम्वाद भएको थियो। सरकारको गुण, दोष, सफलता, असफलता तत्कालै मूल्यांकन गर्ने विषय होइन। सरकारले बजेट पनि ल्याउन नसकेको अवस्थामा हामी त्यस प्रकारको विपक्षीको भूमिकाबाट यो सरकारलाई हेर्दैनौं। हामी सत्तापक्षले दुई दुई चार भनिरहेको बेलामा विपक्षले दुई दुई पाँच भन्ने पक्षमा छैनौं।
हेक्का होस्, मधेश प्रदेशलाई अब्बल दर्जाको प्रदेश बनाउनका लागि खाली सत्ता पक्षको सहयोगले मात्र प्रदेश अगाडि बढ्न सक्दैन। प्रदेशको सम्मुनती र विकासका लागि प्रतिपक्षको पनि सहयोग चाहिन्छ। नेकपा एमालेको तत्काल सरकारमा जाने कुनै लोभ छैन। हामी जाँदैनौ पनि। एमालेले यो सरकारलाई शसर्त सहयोग गरेको छ। त्यो के हो भने अहिले सरकारको नीति तथा कार्यक्रम हेर्यौं। असार १ गते बजेट हेर्नेछौं। बजेटमा किसानहरुका लागि यो बजेटको सम्बोधन के हुन्छ त्यो हेर्न बाँकी छ। सरकारको नैतिक पक्ष कमजोर नहोस्, सरकार म कमजोर छु भन्ने महसुस नगरोस्, सरकारले आम मधेशी युवाहरुको मागलाई बजेटमार्फत सम्बोधन गरोस् भन्ने हाम्रो सर्त छ। यो सरकारलाई अल्पआयुमै समाप्त पार्ने खेलमा नेकपा एमाले छैन। त्यसैले पुनः हामीले विश्वासको मत दिएका छौं।

## संसदीय दलका उपनेता दीपेन्द्र ठाकुर

लोसपाका ९, नेकपा माओवादी केन्द्रका ९ र नेकपा (एकीकृत समाजवादी) का ७ जना सांसद छन्। स्वतन्त्र सांसद ३ जना छन् भने नेपाल संघीय समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका १/१ सांसद छन्।
मुख्यमन्त्री यादवले विश्वासको मत लिने प्रस्तावमा नेकपा एमाले संसदीय दलका उपनेता दीपेन्द्र ठाकुर, नेपाली कांग्रेसबाट कुमरकान्त झा, जसपाबाट लालबाबु राउत, जनमत पार्टीका चन्दन सिंह, लोसपाको संसदीय दलका नेता अभिराम शर्मा, नेकपा माओवादी केन्द्रबाट युवराज भट्टराई, नेकपा एकीकृत समाजवादीका कनिश पट्टेल, नेपाल संघीय समाजवादीकी विमला अन्सारी, राप्रपाकी कञ्चन बिच्छा, स्वतन्त्र सांसद अनिरुद्ध प्रसाद सिंह र प्रमोद जयसवालले रोस्टमबाटै सर्मथन रहेको घोषणा गरेका थिए।

# पटेर्वा सुगौलीमा सार्वजनिक सुनवाईको माग



**मधेशदृष्टि**
**वीरगंज।**
नेकपा माओवादी पर्टेवासुगौली गाउ कमीटिले पर्टेवा सुगौलीको कार्यालयले एकलौटी ढंगले सार्वजनिक सुनवाई गरेको भन्दै पुन सार्वजनिक सुनवाईको माग गरेको छ।
गाउँपालिकाले गरेका काम कारवाही र विभिन्न गतिविधिका सम्बन्धमा आम नागरिकलाई सचेत गराउन प्रत्येक ३ महिनामा एक पटक सार्वजनिक सुनुवाई गर्नुपर्नेमा पर्टेवा सुगौली गाउँपलिकाले आर्थिक वर्षको अन्त तिर गत जेठ २८ गते अध्यक्ष, उपाध्यक्षलगायतका जनप्रतिनिधिहरुले आफ्ना निकटका व्यक्तिहरु तथा कर्मचरी राखेर सावैजनिक सुनुवाई गरेकोले माओवादी केन्द्र पर्टेवा सुगौली गाउँ समीतिले सो को भर्तसना समेत गरेको छ। पुन ७ दिनभित्र सबैको सहभागिता सहित सार्वजनिक सुनुवाई हुनुपर्ने माग गर्दै गाउँपालिकालाई ज्ञापनपत्र समेत बुझाएको माओवादी केन्द्र पर्टेवासुगौली गाउँ कमीटिका उपाध्यक्ष रामजन्म ओभैयाले बताए।

# बसहरुको टिकट टर्मीनल भित्रैबाट बुकिङ गर्ने निर्णय



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज बस टर्मीनल समीतिको बुधबार सम्पन्न बैठकले बसपार्कबाट छुट्ने बसहरुको टिकट टर्मीनल भित्रैबाट बुकिङ गर्ने निर्णय गरेको छ।
वीरगंजको बसपार्क क्षेत्रमा जथाभावी टिकट बुकिङ गरी यात्रुलाई दुःख दिने प्रवृति बढ्दै गएपटि यसलाई नियन्त्रण गर्ने उदेश्यले अब अनिवार्य रुपमा टर्मीनल भित्रैबाट काउन्टर खोलेर सार्वजनिक यातायातका बस, टाटासुमो लगायत सवारीसाधनले यात्रुलाई सेवा दिनुपर्ने निर्णय गरेको छ। साथै अन्य स्थानबाट सवारीसाधनहरु संचालन गरेको पाईएमा कारवाही गर्ने समेत चेतावनी दिएको छ।
बैठकमा वीरगञ्ज बस टर्मीनल अनुगमन समीतिका संयोजक जगत प्रसाद साह कानुको अधयक्षतामा सम्पन्न बैठकमा विनोद मान्नधर, सुमन श्रेष्ठ, अमित पाल सिंह, गजेन्द्र प्रसाद साह। नरेश शाही, शिवजी प्रसाद गुप्ता, सनी कपुर महतो, केशव गुप्ता लगायत यातायात व्यवसायीहरुको सहभागिता रहेको थियो।

# लाखौ मुल्य बराबरका सुनसहित युवक पक्राउ

**मधेशदृष्टि**
**वीरगंज।**
मकवानपुर प्रहरीले ५४ लाख भन्दा बढी मुल्यको सुनसहित वीरगंजका १ युवकलाई पक्राउ गरेको छ।
प्रकाउ पर्नेमा वीरगंज महानगरपालिका-१६ का २२ वर्षीय किशन साह रहेका छन्। प्रहरीले अभियुक्त साहलाई हेटौडा उप-महानगरपालिका वडा नम्बर १५ रातामाटे चोकबाट नियन्त्रणमा लिएको हो। काठमाडौंबाट जाँदै गरेको प्रदेश २-०३-००१ ख ०१५९ नम्बरको बसमा बुधबार बिहान साढे तीन बजे चेकजाँच गर्दा साहलाई सुनसहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका डीएसपी टेकबहादुर कार्कीले जानकारी दिएका छन्।
जाँचका क्रममा साहको जुत्ताको नोकभित्र सुन जस्तो देखिने पहेंलो धातु बरामद भएको हो।
त्यसको मूल्य ५६१.३० ग्राम अर्थात ५४ लाख ४८ हजार ५४२ रुपैयाँ रहेको बताए। डीएसपी कार्कीका अनुसार पक्राउ परेका साहलाई बरामद सामग्रीसहित आवश्यक कारबाहीका लागि आजै राजस्व अनुसन्धान कार्यालयमा पठाइएको छ।

# तस्करीको समान बरामद

**मधेशदृष्टि**
**वीरगंज।**
सशस्त्र प्रहरी बल नेपाल पर्सा द्वारा वीरगंजको आर्दशनगरबाट आज दिउँसो २५ लाख भन्दा बढि मुल्यको तस्करीको सामान बरामद गरेको छ। वीरगंज महानगरपालिका वडा नम्बर १० आदर्शनगरबाट सशस्त्र प्रहरी बल नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म वीरगंजबाट खटिएको टोलिले भारतबाट अबैधरुपमा भन्सार छली गरि नेपाल तर्फ ल्याउदै गरेको २५ लाख ३५ हजार ७ सय ५३ रुपैयाँ बराबरको भारतीय लत्ताकपडा ,स्मार्टघडी, एयरपड नियन्त्रणमा लिई आवश्यक कारवाहीका लागी वीरगंज भन्सार कार्यालय बुझाएको सशस्त्र प्रहरी पर्साका प्रहरी उपरीक्षक सुमन थपलीयाले जानकारी दिए।

# नीति तथा सुझाव सम्बन्धमा उपमेयर आलमलाई...

महानगर क्षेत्र भित्र मदिराजन्य पदार्थ र सुर्तीजन्य वस्तुको बिक्री बितरणमा पुर्णरुपमा प्रतिबन्ध लगाउन, वीरगंज महानगर पालिकामा दर्ता भएका र हुने व्यवसाय दर्ता प्रमाणपत्रलाई बैंक तथा बित्तीय सस्थाहरुले मान्यता दिने कानुनी व्यवस्था मिलाउन, नगर क्षेत्र भित्रका अटो तथा ईरिक्साको भाडा निर्धारण गरि रेट लिस्ट अनिवार्य रुपमा सबैले देख्ने गरि राख्ने व्यवस्था मिलाउन, आगामी तीन बर्ष भित्र सबै प्रकारका थोक बिक्रेताहरुको लागि निश्चित क्षेत्र तोकि थोक बजार क्षेत्रको व्यवस्था हुनु पर्ने, सरकारी तथा गैर सरकारी कार्यालयहरु, होटेल, बैंक तथा बित्तिय सस्थाहरुलाई आफ्नै पार्किङको अनिवार्य व्यवस्था गर्न , बिरगंज क्षेत्र भित्र जथाभावी बज्ने लाउडस्पिकर, बाजा, डिजे आतंकलाई तत्काल नियन्त्रण गर्न, उपभोक्ता सचेतना सम्बन्धि विद्यालय शिक्षा कार्यक्रमहरु संचालन गर्न, नेपाल सरकारले निशुल्क रुपमा बितरण गर्ने सबै प्रकारका औषधिहरु सबै वडाका स्वास्थ्य केन्द्रबाट बितरण गर्ने व्यवस्था गर्ने, फोहोर मैला व्यवस्थापनको लागि दिर्घकालिन रुपमा वैकल्पिक योजना सहित ठाउको व्यवस्थापन गर्ने, व्यवस्थित र सुन्दर शहर निर्माण गर्न सडक किनारामा रहेका बिधुत तथा टेलिफोनका पोलहरुमा अनावश्यक रुपमा रहेका तारहरु व्यवस्थापन गर्ने, माटो, ढुङ्गा , गिट्टी,बालुवाको अधिकतम उपभोक्ता मुल्य निर्धारण गर्ने, नारायणी उप-क्षेत्रीय अस्पतालको व्यवस्थापन तथा अनुगमन नियमी,गर्ने र वीरगंज महानगर पालिका भित्रका होटेल तथा रेस्टुरेन्टमा लिईने १०% सेवा शुल्क खारेज गर्ने जस्ता उपभोक्ता सङ्ग सरोकार रहेका उलेखित सुझावहरु वीरगंज महानगरले कार्यान्वयन गर्न गराउन यश सस्थासंग सहकार्य र समन्वयको लागि माग भएमा उपभोक्ता हित संरक्षण मञ्च नेपाल सहकार्य गर्न प्रतिबद्ध रहेको भन्दै यी सुझावहरु निति तथा कार्यक्रम र बजेट निर्माणमा समावेश गरियोस भनी माग गर्दछौ भनि अध्यक्ष अजित भुजेलले उपमेयर आलमलाई पत्र बुझाएका थिए।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
मान तथा पद पाइएला, धार्मिक तथा सामाजिक कार्यहरु सम्पन्न होलान।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
धनधान्यको वृद्धि होला, मित्र तथा शुभचिन्तकको सहयोगले काम कार्यमा सफलता होला।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
छोराछोरीको प्रगतिबाट प्रसंशा मिल्ला,मान्यजनको सहयोग सद्भाव पाउनाले आत्मबल निकै बढ्नेछ,।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
स्वास्थ्यमा सुधार आउनेछ, बैबाहिक तथा भोजमा सहभागी भइएला।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
कृषि कार्य तथा ब्यबसायबाट निकै लाभ होला, समग्रमा आजको दिन राम्रै मान्नपर्छ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
काम कार्यमा ढिलाई होला, मानसिक अशान्ति तथा फजुल खर्च होला।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
इस्टमित्रबाट धोका पाइनेछ, अध्ययन अध्यापनमा पनि बाधा आइपर्ला।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
माता तथा मावलितर्फबाट बिशेष सहयोग पाइनेछ, काम कार्यमा सफलता तथा सुख प्राप्त हुनेछ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
राज्यसम्बन्धी काममा भने केहि प्रतिकुल हुनसक्छ। सामाजिक तथा परोपकार सम्बन्धी कार्यहरु गरिएला।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आजको दिन अध्ययन अध्यापन तथा धार्मिक कार्यहरु सफल होलान।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
शत्रुहरु गुप्तरुपले सक्रिय रहलान, बिनाकारण अपजस पाइएला। ब्यर्थ भ्रमण तथा व्यापार ब्यबसायमा नोक्सान होला।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आजको दिन पत्नी आज्ञाकारी हुनेछिन, दैनिक जीवनका कार्यहरु सुधार हुदै जालान।

# आईटी आर्मीले चार स्थानीयतहमा बुझाए ज्ञापनत्र




**मधेशदृष्टि**
**रौतहट।**
प्रभू साह नेतृत्वको आमजनता पार्टी निकट आईटी आर्मीले बुधबार रौतहटको चार स्थानियतहमा ज्ञापनत्र बुझाएका छन् । आर्मीका केन्द्रीय सदस्य महेश यादवको नेतृत्वमा गएको आर्मी कटहरिया नगर समितिले कटहरिया नगरपालिकामा ३ बुन्दे ज्ञापनपत्र बुझाएका छन् । नगरपालिकाले शून्य कर नीति लागू गरोस अर्थात् जनताबाट उठाउने प्रत्येक कर माफ होस, नगरपालिकामा बसोबास गर्ने सम्पूर्ण जनताको बिजुली र पानी महसूल फ्रि होस र नगरपालिकामा भईरहेको विकास वजेट को सम्पूर्ण भागवण्डा बन्द हुनुपर्ने माग सहीत नगर प्रमुख अजय प्रकास जैसवाल, उपप्रमुख रीता देवी यादव र प्रमुख प्रशासकीय अधिकृत रामप्रकाश साह लाई ज्ञापनपत्र बुझाईएको आर्मीका नगर अध्यक्ष उमेश दाशले बताएका छन् । त्यसैगरी आईटी आर्मीका केन्द्रीय उपाध्यक्ष सरोज कुमार बछार सहितको टोलीले बुधबार चन्द्रपुर नगर प्रमुख सञ्जय कुमार काफ्ले समक्ष ज्ञापन पत्र बुझाएको हो ।

नगरपालिका स्थानीय सरकार भएको हुँदा नगरवासीले सरकारको महसुस गर्ने किसिमको कार्य नभएको र पालिकामा भ्रष्टाचार र अनियमितता व्याप्त रहेको हुँदा त्यसतर्फ आफ्नो गम्भीर ध्यानाकर्षण सहित तीन बुन्दे ज्ञापनपत्र बुझाएको आईटी आर्मी चन्द्रपुर नगर समितिले जनाएको छ। कटहरिया, चन्द्रपुर, माधव नारायण, बौधिमाई, वृन्दावन नगरपालिकामा ज्ञापनपत्र बुझाएको केन्द्रीय सदस्य महेश यादवले बताएका छन् । तीन बुन्दे ज्ञापनपत्रको माग अनुसार पुरा नभएमा आन्दोलन गर्ने आइटी आर्मीले चेतावनी दिएको छ ।

# बालबालिका अपहरणमा संलग्न देवलाई तीन वर्ष कैद

**मधेशदृष्टि**
**सप्तरी।**
दुई बालिकालाई अपहरण गरेको अभियोगमा राजविराज नगरपालिका-२ घर भई हाल सुनसरीको कोशी गाउँपालिका बस्दै आएका ३६ वर्षीय नवीनप्रसाद देवलाई तीन वर्ष कैद सजाय भएको छ ।

सप्तरी जिल्ला अदालतका न्यायाधीश हरिश्चन्द्र इङ्गनामको इजलासले देवलाई तीन वर्ष कैद सजायका साथै रु ३० हजार जरिवाना तिराउने फैसला गरेको हो । देवले पीडितलाई रु ५० हजार क्षतिपूर्ति दिनुपर्ने र रु एक हजार दुई सय फौजदारी कसुर पीडित राहत कोषमा जम्मा गर्नुपर्ने गरी फैसला भएको अदालतले जनाएको छ ।स्रेस्तेदार कुमार मास्केका अनुसार देवलाई १५ वर्षीया दुई बालिकालाई असार ११ गते अपहरण गरी शरीर बन्धक बनाएको अभियोगमा सजाय भएको हो ।

राजविराज नगरपालिका-८ स्थित रुपनी सडक खण्डमा देवले दुई बालिकालाई ललाईफकाई प्रलोभनमा पारी अपहरण गरी बन्धकबनाई राखेका थिए । बालिकाहरु भागी




अपहरण मुक्त भएपछि पीडितहरूकी आमाहरूले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकी थिइन् ।सप्तरीमा ढिलो गरी उजुरी दर्ता हुँदा अभियुक्त देव अभद्र व्यवहार कसुरमा जिल्ला प्रहरी कार्यालय मोरङमा पक्राउ परिसकेका थिए । मोरङको विराटनगरबाट देवलाई साउन १३ गते सप्तरी ल्याएर कारबाही थालिएको थियो ।

जिल्ला न्यायाधीश श्यामविहारी मौर्यको आदेशमा देव भदौ ८ गतेदेखि पुर्पक्षका लागि राजविराज कारागारमा थुनामा छन् ।

यसअघि देव राजविराज -२ की १४ वर्षीया बालिकाको अपहरण घटनामा पक्राउ परेका थिए । झुक्यानमा पारी ०७८ साल जेठ २० गते मोटरसाइकलबाट अपहरण गरी लैजाने क्रममा राजविराजदेखि नौ किलोमिटर दक्षिण रूपनीबजार नजिक देव पक्राउ परेका थिए । बालिकालाई मोटरसाइकलमा लैजाँदै गरेको अवस्थामा पक्राउ परेका देव ०७८ साल असार १५ गतेदेखि पुर्पक्षका लागि राजविराज कारागारमा थुनामा परेका थिए ।सो घटनामा पीडित पक्ष नै 'होस्टाइल' भएपछि देवले सफाइ पाएको प्रहरीले जनायो । यसअघि विभिन्न फौजदारी अपराधमा मुद्दा चले पनि प्रमाण अभाव, पीडित पक्ष होस्टाइल र अनुपस्थित हुने कारणले देवले सफाइ पाउँदै आएका थिए ।

# खानेपानी सेवा बन्द हुने चेतावनी



**सञ्जय मिश्रा**
**रौतहट।**
रौतहटको कटहरिया स्थित खानेपानी उपभोक्ता समितिका अध्यक्ष योगेन्द्र साहले आर्थीक अभावको कारण निकट भविष्यमै खानेपानी सेवा बन्द हुने चेतावनी दिएका छन् ।

लामो समय देखि कटहरिया नगरपालीकाले पानीका महसूल नतिरेका कारण पानी सफा गर्ने केमिकल खरीदमा समस्या, विधुत महसूल तिर्न कठिनाई तथा कर्मचारीको तलव समेत दिन नसकेको अध्यक्ष साहले बताए । कटहरिया नगरले खानेपानी उपभोक्ता समितिले सञ्चालन गर्दै आएको छ । नपाले पानी निःशुल्क गरेको छ । तत्कालिन मेयर सियाराम कुशवाहाले पानीको महसूल तिर्न नगरपालिका बाट ४५ लाख निकासा गरेको थियो । सो मध्ये २५ लाख भुक्तानी गरेको थियो तर उनको कार्यकाल सकेपछि नया मेयर अजय प्रकास जैसवालले पुरानो बक्यौता २० लाख नदिइएको अध्यक्ष योगेन्द्र साह ले वताएका छन् । मेयर जैसवाल ले निःशुल्क खानेपानी निरन्तरता दिदै आएका छन् । हालसम्म कटहरिया नगर माथी नगर विकास कोषको सावाँ १७ लाख ६५हजार १४७ रुपैया २२ पैसा र ब्याज १७ लाख १७ हजार रुपैयाँ ४०३ रुपैयाँ गरी ३४ लाख ८२ हजार ५५० रुपैयाँ किस्ता बक्यौता रहेको छ ।

कोषको कुल ऋण ३ करोड ४३ लाख ४८ हजार ७० रुपैयाँ रहेको खानेपानी उपभोक्ता समितिका अध्यक्ष योगेन्द्र साह ले वताएका छन् ।

हाल आश्रय निर्माण सेवाले नगर भित्र ढल निर्माण गर्दा जथाभावी गर्दा खानेपानीको पाईप फुटेर महिनौं देखि पानी सप्लाई बन्द, भएको छ । कटहरिया नगरपालीकाले भुक्तानि नदिंदा झण्डै १३ लाख रुपैयाँ विधुत महसूल बक्यौता, रहेको छ । खानेपानीको महसुल बापत पूर्व मेयर सियाराम कुशवाहको पालाको २० लाख र बर्तमान मेयर जैसवाल को पालामा ३० लाख रुपैया रहेको छ। पानि टंकी फुटेको छ तर रकमको अभावमा मर्मत नभएको, विद्युत नहुँदा पानी सप्लाई रोकिने, अध्यक्ष योगेन्द्र साहले गुनासो गरेका छन् ।

यसै प्रकार रहेमा केही समय पछि खानेपानी सेवा बन्द गर्ने अध्यक्ष साहले चेतावनी दिएका छन् । कटहरिया नगरपालीका वडा १,२,३ अन्तर्गत झन्डै १६ सय उपभोक्ता परिवार खानेपानि माथी आश्रित रहेका छन् ।

# सर्लाहीमा तस्करी झन् बढयो



**मधेशदृष्टि**
**सर्लाही।**
नेपाल भारत सीमा क्षेत्रको विभिन्न ठाउँमा तस्करी नियन्त्रण गर्न सशस्त्र प्रहरी बलको डिएसपी खटाइएपछि सर्लाहीमा तस्करी झन् बढेको पाइएको छ । तस्करी अत्यधिक बढेर लक्ष्यअनुसार राजस्व संकलन हुन नसकेको गुनासो बढेपछि सशस्त्र प्रहरी प्रधान कार्यालयले तस्करी नियन्त्रण गर्न डिएसपीको कमान्डमा अस्थायी गुल्म कायम गरेपछि सर्लाहीमा तस्करहरूलाई झन् सजिलो भएको छ ।

तस्करी नियन्त्रण गर्न जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रमुख एसपी नरेशराज सुवेदी र सर्लाही गण नम्बर १० का गणपति तुला भण्डारीले पटक पटक निर्देशन दिए पनि सर्लाहीको सीमा क्षेत्रमा तस्करी नियन्त्रण हुन सकेको छैन । सर्लाहीको नदिया पकडी, मधुवनी, अर्नाहा र छतौना नाकाबाट दैनिक नेपालबाट भारततिर बालुवा, गिटी, स्याम, रक्सी, चाइनिज कस्मेटिक सामग्री तस्करी हुन्छ भने भारतबाट कपडा, सुर्ती, स्पेयरपार्टस, चिनी लगायतका दैनिक उपभोग्य वस्तुको निर्बाध रुपमा तस्करी भइरहेको छ ।नेपाल प्रहरीका एसपी तथा सशस्त्र प्रहरीका गणपतिलाई गुल्मपतिहरुले आँखा छलेर आफैँ तस्करहरुसँग मोलमोलाई गरी तस्करी गराइरहेको स्थानीयको दाबी छ । सर्लाहीको मधुवनी र अर्नाहा नाका हुँदै भित्रिएको ७५ वटा पशु बरामद भएको छ। इलाका प्रहरी कार्यालय बरहथवाको टोलीले भारतबाट तस्करी गरेर ल्याएको खसी र बाख्रा बरामद गरेको हो ।

तस्करीमा प्रयोग गरिएको भारतीय ना ४ च ९८२४ नम्बरको सेतो पिकअप गाडी सहित २७ खसी र ४८ बाख्रा गरी कुल ७५ खसी/बाख्रा इलाका प्रहरी कार्यालय बरहथवाले बरामद गरी आवश्यक कारबाहीको लागि भन्सार कार्यालय मलंगवामा बुझाएको छ। इलाका प्रहरी कार्यालय बरहथवाले बुझाएको सामान तथा पशुको मूल्य करिब ७ लाख ५६ हजार रुपैयाँ रहेको बताइएको छ ।

# अर्काको नाममा लोकसेवाको परीक्षा दिने यादव पक्राउ





**मधेशदृष्टि**
**जनकपुरधाम।**
अर्काको नाममा लोक सेवाको परीक्षा दिएको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा सप्तरीको राजबिराज ११ घर भई जिल्ला हुलाक कार्यालय सप्तरीमा नायब सुब्बा पदमा कार्यरत ३० वर्षीय नारायण यादव रहेका छन् । प्रहरीका अनुसार यादवले लोक सेवा आयोगले बुटवल केन्द्रमा २०७७ साल फागुन २९ गते र २०७८ साउन ४ गते लिएको परीक्षामा राजबिराज ११ घर भएका ३३ वर्षीय मनोजकुमार शर्मा सुतिहारको नाममा परीक्षा दिएको आरोप छ ।

सुतियार अहिले कोष तथा लेखा नियन्त्रण कार्यालय कपिलवस्तुको सहलेखापाल पदमा कार्यरत छन् ।

प्रहरीले सुतियारलाई पनि नियन्त्रणमा लिएको छ ।सुतिहारको नाममा नारायण यादवले परीक्षा दिएको पाइएपछि लिखितसम्बन्धी कसुर मुद्दामा दुवै जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रवक्ता श्यामु अर्यालले जानकारी दिए ।दुवै जनालाई अदालतबाट ७ दिनको म्याद थप अनुमति लिएर थप अनुसन्धान भइरहहेको डीएसपी अर्यालले बताए ।

# चार बालकको भारतबाट उद्धार

**मधेशदृष्टि**
**रौतहट।**
रौतहटको एक गैरसरकारी संस्थाले बाल श्रमिकका रूपमा भारत कार्यरत तीन जनालाई उद्धार गरी आफन्तलाई जिम्मा लगाएको छ। यस्तै ताप्लेजुङका अर्का एक बालकको पनि उद्धार भएको छ ।

मुम्बईको एक ब्याग उद्योगमा कार्यरत ३ जना बाल श्रमिकलाई सामुदायिक विकास तथा सचेतना नेपालको पहलमा उद्धार गरिएको हो ।उद्धार गरिएका नाबालकहरूलाई मङ्गलवार परिवारलाई जिम्मा लगाइएको सामुदायिक विकास तथा सचेतना नेपालका कार्यकारी निर्देशक दिलीप कोइरालाले बताए ।उद्धार भएका बालकहरूमा राजपुर नगरपालिकाका एक जना, वृन्दावन नगरपालिकाका १ जना र यमुनामाई गाउँपालिकाका १ जना रहेका छन् । उक्त संस्थाको पहलमा गत साउन यता २३ जना बालश्रमिकहरुको भारतबाट उद्धार गरिएको कोइरालाले जानकारी दिएका छन् । यसैबीच ताप्लेजुङ गौरादह नगरपालिका ५ का बुद्धिमान तामाङलाई पनि भारतबाट उद्धार गरी परिवारको जिम्मा लगाइएको छ ।कामको सिलसिलामा भारत गई हराइरहेकोमा बिहारबाट उद्धार गरेर आफन्तको जिम्मा लगाइएको हो ।


## श्री राष्ट्रिय माध्यमिक विद्यालय गंगुली
**नगराईन न.पा.-५, धनुषा**
**मधेश प्रदेश, नेपाल**

**विज्ञापन सम्बन्धी सूचना**

**तेस्रो पटक सूचना प्रकाशित मिति २०८०।०२।३२ गते बिहीबार**

**विषय :- 0 (शुन्य) दरबन्दीमा शिक्षक आवश्यक्ता सम्बन्धमा।**

उपरोक्त विषयमा यस विद्यालयको शिक्षक छनौट समितिको २०८०।०२।०८ गतेको निर्णय तथा नगराइन न.पा. को शिक्षा समितिको २०७९।१२।२८ को चं.न १४७० को प्राप्त पत्र अनुसार यस विद्यालयमा माध्यमिक तहको शुन्य (0) दरबन्दीमा करार शिक्षक पदपुर्ती गर्नुपर्ने भएकोले तपसिलमा उल्लेख भए बमोजिमको योग्य उम्मेदवारबाट दरखास्त आव्हान गरिन्छ।

**तपसिल**

| विज्ञापन नं. १ | विज्ञापन नं. २ |
|---|---|
| क. पद - शिक्षक | क. पद - शिक्षक |
| ख. तह - माध्यमिक | ख. तह - माध्यमिक |
| ग. विषय - गणित | ग. विषय - अंग्रेजी |
| घ. सेवाको किसिम - शुन्य दरबन्दी करार | घ. सेवाको किसिम - शुन्य दरबन्दी करार |
| ङ. पद संख्या - १ | ङ. पद संख्या - १ |
| **शैक्षिक योग्यता-** मान्यता प्राप्त शै.स. बाट सम्बन्धी विषयमा स्नातक तह उत्तिर्ण गरेको<br>**परिक्षा दस्तुर -** रु. १५००।- (एक हजार पाँच सय मात्र।) | |

**उमेर हद :-** १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
दरखास्त साथ संलगन गर्नुपर्ने कागजातहरु
क) शै.प्र.पत्रको प्रतिलिपि - १/१ प्रति
ख) नेपाल नागरिकताको प्रतिलिपि - १/१ प्रति
ग) अध्यापन अनुमति पत्रको प्रतिलिपि - १/१ प्रति
घ) अनुभव भए सोको प्रमाणित प्रतिलिपि
ङ) विदेशबाट पढेको भए समकक्षता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

**नोटः-**
१) दरखास्त दस्तुर निवेदन साथ बुझाउनु पर्नेछ।
२) परिक्षाको किसिम - लिखित, अन्तर्वार्ता र प्रयोगात्मक।
३) दरखास्त दिने मिति : २०८०।०२।३२ गते देखि २०८०।०३।०३ गते सम्ममा (कार्यालय समयभित्र)
४) सम्पर्क मिति :- २०८०।०३।०४ गते
५) परिक्षा मिति :- सम्पर्क मितिमा तोकिनेछ।
६) अन्य सम्पूर्ण प्रक्रिया छनौट समितिको निर्णयानुसार हुनेछ।

सम्पर्क नं. -९८०७८६४२००, ९८५४०२६२२२

प्र.अ.
**विजय कुमार झा**
श्री राष्ट्रिय मा.वि. गंगुली, नगराईन





भविष्यको बारेमा त्यति धेरै पनि नसोच किनभने त्यो छिट्टै आउँछ।

- अल्बर्ट आइन्स्टाइन

## सम्पादकीय

# सिँचाईको लागि पानीको व्यवस्था गर !

मुलुकलाई कृषि प्रधान देश भनेर चिनिन्छ। धान, गहुँ, मकैं, उखु तराईको मुख्यबालीको रुपमा मानिन्छ। तराई समतल भूमि रहेकै कारण पनि कृषि योग्यको लागि राम्रै भूमि मानिन्छ। तर यहाँका किसान सधैं सिँचाईका लागि पानी अभावको समस्या झेल्दै आएका छन्। मुख्यबालीको रुपमा रहेको धानबालीको बीउ छर्किने समय वित्न लागि सकेको छ, तर अहिलेसम्म सिँचाईको लागि नहरमा पानी आएको छैन।

अब केही दिनपछि धानको बीउ रोप्ने समय आउँदैछ। नेपाल सरकारले असार १५ गतेलाई राष्ट्रिय धान दिवसको रुपमा मनाउँदै आएको छ। राष्ट्रिय धान दिवसको दिनसम्म कम्तिमा ८५ देखि ९५ प्रतिशत धान रोपाई सम्पन्न भइसक्नुपर्ने हो तर केही वर्षदेखि पानी अभावको कारण असार १५ गतेसम्म ३० देखि ४० प्रतिशतसम्म मात्रै धान रोपाई हुन सकि रहेको छ। त्यसको मुख्य कारण हो 'पानी अभाव'। नेपाल सरकारले सिचाइँको लागि दीर्घकालीन पानीको व्यवस्थापन नगरेको कारण यहाँका किसानहरु वर्षेनी आकाशे पानीको भर पर्दै आएका छन्।

आकाशे पानीको भरकै कारण असार १५ सम्म पानी नपरे धान रोपाई हुन सकि रहेको छैन। आकाशे पानीको भर पर्दापर्दै किसानहरुले साउन महिनासम्म धान रोपाई गर्ने गरेका छन्। र साउन भदौमा बाढी आएपछि खर्भरै उम्रिन लागेको धानबाली नष्ट हुने गरेको छ। प्राकृत्ति दोहनको कारण केही वर्षदेखि आकाशे पानी पनि समयमा परि रहेको छैन। आकाशे पानीकै भरमा समयमा धान रोपाई हुन सकि रहेको छैन।

सरकारले तराईमा सिँचाईको लागि पानीको व्यवस्थापन गरेको छ तर त्यो पानी नेपाल सरकारकै हातमा नहुँदा तराईका किसानहरु वर्षेनी पानी अभावको समस्या झेल्दै आएका छन्। चाहिने बेलामा नहरमा पानी हुँदैन, नचाहिने बेलामा खचाखच नहर भरिएको हुन्छ। अहिले पानीको आवश्यकता छ, तर नहर सुख्खा छ। कृषकहरुले धानबो बीउ छर्कन पाएका छैनन्। जसोतसो पम्पिङ सेटको जोहो गरेर धानको बीउ लगाएका किसानहरुको बीउ रोप्न लायक छैन। सुकेर नष्ट हुने अवस्थामा पुगि सकेको छ। अब आकाशे पानी परेर खेत पानीले भरिएपछि नहरमा खचाखच पानी आउँछ। यो रोग आजको होइन, यो वर्षौंको रोग हो।

नेपालकै नारायणी नदीको पानी भारतीय भूमि हुँदै तराईको बारा, पर्सा, रौतहटको सिँचाईको लागि आउने गरेको छ। तराईको सिँचाईको लागि नेपाल सरकारले भारतीय पक्षसँग पानी छाड्न सम्झौता गरेको छ। पर्सा, बारा र रौतहटमा ३८ हजार हेक्टर सिचाई योग्य खेतीको लागि प्रत्येक वर्ष भारतीय पक्षले पानी छोड्दै आएको छ। तर कुनै वर्ष समयमा पानी छाड्ने गरेको छैन। नेपालकै पानी भारतीय पक्षले गरेको सम्झौता अनुसार आफ्नो अधिनमा लिई पुनः तराईमा सिँचाईको लागि छाड्ने गरेको छ। जहिलेपनि समयमा पानी नछाडेको कारण पर्सा, बारा तथा रौतहटका अधिकाँश किसानहरु मर्कामा परि रहेका छन्।

भारतको त्रिवेणी भैसालोटन स्थित निर्माण गरिएको नारायणी नदीको व्यारेजबाट ९२ किलोमिटर भारतीय नहर हुँदै दोन शाखा नहरबाट पर्साको जानकीटोला, इनर्वा हुँदै पर्सा, बारा तथा रौतहट जिल्लामा रहेको ३८ हजार हेक्टर खेतमा सिचाईको लागि पानी आउने गरेको छ। प्रत्येक वर्ष धानबालीको लागि ८ सय क्युसेक तथा गहुँ बालीको लागि ६ सय क्यूसेक पानी छाड्ने नेपाल भारतबीच सम्झौता भएपनि भारतीय पक्षले विभिन्न कारण देखाउँदै प्रत्येक वर्ष सम्झौता अनुसारको पानी छाड्ने गरेको छैन।

नेपाल भारत सीमाक्षेत्र जानकीटोलादेखि रौतहटसम्म १ देखि १५ नम्बरसम्म ब्लक छुट्याई नहरमा पानी छाड्ने गरिएको छ। बारा, पर्सामा १ देखि १० नम्बर ब्लकसम्म नहर रहेको छ भने ११ देखि १५ ब्लक नम्बरको नहर रौतहट जिल्लामा पर्ने गरेको छ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

# विश्व रक्तदातादिवसको आवश्यकता र महत्व



• राम हृदय यादव

यो दिवस प्रत्येकवर्ष जुन१४ माविश्वभर एकैसाथमनाउने गरिन्छ। नेपालीतिथिअनुसार यसवर्षजेठ ३१ गते मनाइँदै छ।यो दिवसलाई 'रक्तदान'दिवस पनि भनिन्छ।
मानवको रगत समूह (ब्लडग्रुप) पत्तालगाउने वैज्ञानिक डा. कार्ल ल्याण्डस्टिनरको जन्मदिनको सम्झनामा सन् २००४ देखि नेपालसहितविश्वभरि योदिवस मनाउनथालिएको हो। विश्व स्वास्थ्य संगठनको आह्वानमा यो दिवस मनाउन सुरु गरिएको हो।
यो दिवसलाई रक्तदानको महत्त्वबारे जनचेतना फैलाउन, मानवजीवनबचाउने रक्तदाताहरुको योगदानप्रति कृतज्ञता स्वरुप एक नायकअभियानका रुपमा यो दिवस मनाउने गरिन्छ। यो दिवसलाई रक्तदाताका रुपमायुवाहरुलाई उत्प्रेरितएवं जागरुक गर्न र नियमित रक्तदाताहरुलाई सम्मानगर्ने अवसरको रुपमालिने गरिएको छ।रगतको आवश्यकतालाई परिपुर्ति गर्ने रक्तदाताहरुको कदर स्वरुप नेपालमा २०७० जेठ ३० र ३१ गते प्रथम रक्तदाता सम्मेलन समेत आयोजनागरिएको थियो।
बिरामीकालागि१८ देखि ६०वर्ष उमेरका कम्तीमा ५० केजीतौल भएकास्वस्थव्यक्तिको रगतउपयुक्तहुने गर्दछ। रगतमानिसलाई जिवित राख्ननभइनहुने पदार्थ हो। चिकित्सकहरुको भनाइअनुसार स्वस्थमानिसले प्रत्येक तीनमहिनाको फरकमा रक्तदानगर्दा शरीर हानी नोक्सानीहुने डर हुँदैन। रक्तदाताका सीमाहरु देश अनुसार फरक फरक हुन सक्दछन्। दुर्घटना वाशल्यक्रिया, गम्भीर प्रकृतिका बिरामी, डेलिभरीको बेला, शरीरमारगतको कमीतथाखराबीलगायतको अवस्थामा रक्तदानले ठूलो सहयोग हुने गर्दछ। रगतअभावले मृत्युशैंयामापुगेकालाई पनिरक्तदानले ज्यानबचाउनमद्दत पुग्दछ। त्यसैले रक्तदानलाई 'जीवनदान'भन्ने गरिन्छ।वास्तविकता के छ भने अहिलेको अवस्थामाएक जनाले दिएको रगतबाट तिनवटा पदार्थ बनाइतीनजनाको ज्यानबचाउन सकिन्छ। संसारमा पैसा तिरेर पनिनपाउने कुरा के होला?भनेर बुझ्दै जाँदात्यो त रगतपो रहेछ। किनकी, रगत पसलमा राखेर बेच्ने वस्तु वा सामानहोइन। यो हरेक मान्छेको शरीरको नशानशामाबगिरहेको हुन्छ,। तन्तुहरुमाआवश्यक कुराहरु पुऱ्याइरहेको हुन्छ। शरीरको तापक्रम सन्तुलनगरिरहेको हुन्छ। हाम्रो प्राणतत्वको रक्षागरिरहेको हुन्छ। रगत एक अपरिहार्य कुरा हो। त्यसैले रक्तदान नै जीवनदानहो भनिएको हो। रक्तदानमानव सभ्यताको सबैभन्दा बढी पुण्य कमाइने दानहो। समयमै रगतआपूर्ती हुननसके धेरै ज्यान जोखिममा पर्ने खतरा बढ्छ। यस्तो खतराबाट बच्न समाजसेवी संस्थावारक्तदाताहरुद्वारा रक्तदानकार्यक्रमआयोजना गर्ने गरिन्छ। त्यहाँ रक्तदान गर्न चाहेका स्वस्थव्यक्तिहरुले रक्तदान गर्ने गर्दछ। सङ्कलित रगतको व्यवस्थापन गरी आवश्यकताअनुसार वितरण गर्ने काम नेपाल रेडक्रस सोसाइटीले गर्ने गर्दछ। यस्ता कार्यले मानव सभ्यतालाई उचाँइमा पुऱ्याउने कामभइरहेको छ। आजती रक्तदाताहरुलाई एकमुष्ठ सलाम। अहिलेको परिवेशमा




रक्तदानको निकै नै आवश्यकता रहेको छ।
मानिस वाजनावरको शरीरमा रहेको रातो तरल पदार्थ रगतहो। रगतप्लाज्मा र रक्त कोषहरुको समिश्रणबाट बनेको हुन्छ। यसले शरीरका कोषहरुमाग्लुकोज,एमिनो एसिड तथापोषक तत्वहरुसँगै अक्सिजनलगायतकाआवश्यकपदार्थहरु पुर्याउने कामगर्दछ। यसले कार्वन-डाइक्साइड, यूरिया, ल्याक्टिक एसिड जस्ता कामनलाग्ने तत्त्वहरुलाई बाहिर निकाल्नसहयोग गर्दछ।
मानव शरीरमाऔसत ५ दशमलव ५ लिटर रगत रहेको हुन्छ। मानिसको कुलवजनको ७प्रतिशत रगत हुन्छ। रगतमाप्लाज्मा ५४ दशमलव ३ प्रतिशत, रातो रक्तकोष ४५ प्रतिशत र सेतो रक्तकोष ० दशमलव७प्रतिशत रहेको हुन्छ।
मानवको शरीरमा ८ प्रकारका रक्तसमूह रहेका हुन्छन्। उनीहरुलाई रगत चढाउँदा रक्तसमूहअनुसारको रगत दिइन्छ। रगत चढाउनु भन्दापहिले नै रगतजाँच, सङ्क्रमण र ग्रुपबुझेर चढाउने गरिन्छ। नेपालमा रक्तदान गर्ने समयावधी ३ महिनाको फरकमातोकिएको छ।
हामीहरुले रक्तदान गरेकै कारणले पनि एउटा आमाबुवाले आफ्नाबच्चाफिर्ता पाँउदछन्। एउटा परिवारले आफ्नो प्रिय सदस्यको जीवन पाँउदछ। त्यस्तै, समाजले अकालमै कोही सदस्यगुमाउनु नपर्ने वातावरण हुन्छ। रक्तदानगर्नाले हाम्रो शरीरमाकुनै हानीगर्दैन र एकहिसाबको ताजगी र आत्मसन्तुष्टि प्रदानगर्दछ। कसैको ज्यान जोगाउन डाक्टरनै हुनपर्दछ भन्ने छैन। रक्तदाताहरु वास्तवमै भगवानकाप्रतिरुपहुन्। त्यसैले रक्तदानको महत्त्वएकदमै उच्च रहेको छ। यूथ फर ब्लड, ब्लड पाल, हेल्थी सिटीजन नेपाल, रेड क्रस लगायतथुप्रै सस्थाअनि सञ्जालहरुको रक्तदानलाई सहजपार्ने र जनचेतना फैलाउने कार्य वास्तवमै तारीफयोग्य छ। हामीमध्ये केहीव्यक्ति सुई सँग डराउने या घोच्नपर्ने भएकाले रक्तदान गर्न डराउँदछौ। रक्तदानअत्यन्तै सरल र सामान्य कुरा हो। जीवनको दान गर्न पाउनु भन्दागर्वको कुरा अरु के हुन सक्छ ?
यो दिवसमा रक्तदान गरी यसको महत्त्वबारे जानकारी दिने खालका ऱ्याली, कोणसभा, प्रभातफेरी लगायत चेतनामूलककार्यक्रमहरु आयोजनागरिँदै आएको छ।

# 'रगत अभावमा कोही मर्न नपरोस्'

**कृष्ण अधिकारी**

वर्षौंदेखि 'रक्तदान जीवनदान, रक्तदान महादान' भनेर प्रचार गरिए पनि अझै एक प्रतिशतले पनि रक्तदान गर्ने गरेको पाइँदैन। नेपालमा कूल जनसंख्याको शून्य दशमलव ८ प्रतिशतले मात्र रक्तदान गर्ने गरेको पाइन्छ। त्यसमा पनि धेरैले नियमित रक्तदान गरेको पाइँदैन। रक्तदातामध्ये करिब १७ प्रतिशत महिला हुनुहुन्छ र पुरुष ८३ प्रतिशत रहेका छन्। विश्व स्वास्थ्य सङ्गठनका अनुसार एउटा देशमा रगतको अभाव हुन नदिन कम्तीमा पनि दुई प्रतिशतले रक्तदान गर्नुपर्ने हुन्छ।

रक्तदान गर्दा दुर्वल वा कमजोर भइन्छ, अनेक रोग सर्छ र गरिरहेको काममा ह्रास आउँछ भन्ने गलत सोचका कारण पनि धेरैले रक्तदान गर्न योग्य व्यक्तिहरु हिच्किचाउने गर्दछन्। रक्तदान गर्नाले अरूको जीवनमात्र बच्दैन, रक्तदान गर्ने व्यक्ति स्वयम्को शरीरसमेत स्वस्थ रहन्छ भन्ने जानकारीको अभाव रहेको छ। सामान्यतः १८ देखि ६० वर्षसम्म उमेर र ४५ किलोग्रामभन्दा बढी तौल भएका साथै सबै शारीरिक र हेमाटोलोजिकल मापदण्ड पूरा भएको तथा शरीरमा रगत न्यूनतम् तीन सय ५० मिलिलिटर भएका जो कोहीले पनि रक्तदान गर्न सक्दछन्।

सामान्यतयाः एउटा व्यक्तिको शरीरमा छ लिटर (करिब दश युनिट) रगत उत्पादन हुन्छ। जबकि रक्तदानको समयमा भने एक युनिट अर्थात् चार सय ७० मिलिमिटर रगतमात्र निकाल्ने गरिन्छ। त्यो भनेको शरीरमा भएको सबै रगतको १२ देखि १४ प्रतिशतमात्र भएकाले रक्तदानका क्रममा त्यसरी रगत निकाल्दा रक्तदातालाई भने कुनै हानि गर्दैन। एउटा व्यक्तिको शरीरमा रगत निर्माण भएको एक सय २० दिनभित्र उक्त रगत स्वतः नष्ट हुने गर्छ। सोही रगत अरूलाई दान गर्दा व्यक्तिको शरीरमा छिटोछिटो रगतको उत्पादन हुने गर्दछ।

नेपाल स्वयम्सेवी रक्तदाता समाज अध्यक्ष प्रेमसागर कर्माचार्य स्वयम्सेवी रक्तदाताहरूले दानमा प्रदान गरिएको रगत र रगतबाट तयार पारिएका रक्त-तत्वहरू पीडित बिरामीहरूसमक्ष गुणस्तरीय परीक्षणपश्चात् निःशुल्क उपलब्ध एवं वितरण नगरेसम्म व्यापार नै हुने बताउनुहुन्छ। सरकारले स्वयम्सेवी रक्तदाताहरूद्वारा दानमा प्रदान गरेको रगत र रगतबाट तयार पारिएका रक्त-तत्वहरूमा गरिएको शुल्क निर्धारणले स्वयम्सेवी रक्तदाताहरूको मनोबलमा प्रतिकूल असर पुगेको उहाँको भनाइ छ।

देशका प्रमुख अस्पतालहरुमा जटिल रोगहरुको उपचार सम्भव एवम् सुविधामा आएको अभिवृद्धिका साथै दिनहुँ बढ्दै गइरहेको दुर्घटना तथा प्राकृतिक विपद् लगायतका कारणले रगतको मागमा अत्यधिक वृद्धि भइरहेको छ।

चोटपटक लागेका बिरामी, दुर्घटनामा परेका व्यक्ति, आपत्कालीन एवम् प्रकोपका बेला, बच्चा र गम्भीर रक्तअल्पत्ता भएका वयस्कहरू, रक्तस्रावसँग सम्बन्धित बच्चाहरु, उन्नत शल्यप्रक्रियामा रहेका बिरामीहरू, गम्भीर रक्तअल्पता भएका गर्भवती आदिलाई रगत आवश्यक पर्दछ। सुरक्षित रगतले प्रत्येक वर्ष लाखौं मानिसको ज्यान बचाउन सकिन्छ।



पछिल्लो समय रगतको अभाव बढ्दै गएको छ। दैनिक रुपमा अस्पतालमा रगत खोज्ने बिरामीका आफन्तको संख्या बढ्दो छ। तर मागअनुसार आपूर्ति भने निकै कम छ। यसले गर्दा आम मानिसमा रगतको माग र आपूर्तिको सन्तुलन मिल्न सकेको छैन। अहिलेसम्म जम्मा तीन लाख मानिसले मात्रै रक्तदान गरेका छन्। काठमाडौंमा पाँच/छ सय पिन्ट रगतको माग हुने गर्दछ। शनिबार करिब ३०/४० वटा शिविरहरु सञ्चालदन हुने हुँदा धेरै परिणाममा रक्तदान हुने भएकाले त्यसले दुई/तीन दिनलाई पुगे पनि बाँकी दिन अभाव नै हुने गरेको ब्लड डोनर्स एसोसिएसन नेपाल (ब्लोदान) का केन्द्रीय अध्यक्ष सानुबाबु प्रजापति बताउनुहुन्छ।

विज्ञानले हालसम्म पनि रगतको विकल्प पत्ता लगाउन नसकिएरहेको सन्दर्भमा बिरामीलाई रक्तसञ्चारको आवश्यकता भएमा स्वसेवी रक्तदाताहरुबाटै सुरक्षित रक्तदान गराउनुको विकल्प छैन। अहिले पनि रक्तदाताहरुको दानबाट नै बिरामीले रगत पाइरहेका छन् र जीवन बचाइरहेका छन्। रगत दान गर्ने प्रत्येक व्यक्तिले रगत दिनुअघि साधारण शारीरिक परीक्षण र रगत परीक्षण पूरा गर्नुपर्छ। व्यक्तिको रक्तचाप, शरीरको तापक्रम, मुटुको दर, हेमोग्लोबिन वा फलामको स्तर सामान्य सीमाभित्र हुनुपर्ने प्रजापति बताउनुहुन्छ।

चिकित्सकहरुका अनुसार चिसो, फ्लु, घाँटी दुखाइ, पेट सङ्क्रमण भएका व्यक्तिहरू, ट्याटु वा शरीर छेड्ने व्यक्तिहरूले भर्खर प्रक्रियाको दिनदेखि छ महिनासम्म रगत दान दिन सक्दैनन् भने १३ ग्राम प्रतिडिसीलिटर एलभन्दा कम एच बी भएका पुरुष र १२ ग्राम प्रतिडिसीलिटर एलभन्दा कम एच बी भएका महिलाले रक्तदान गर्न सक्दैनन्।

यसैगरी, एचआइभी सङ्क्रमित व्यक्ति, रिक्रिएसनल औषधिहरुको प्रयोग गर्ने व्यक्ति, गर्भवती र स्तनपान गराउने महिलालाई बच्चा जन्माएको नौ महिनासम्म रक्तदान गर्न अनुमति छैन। सुरुसुरुमा स्वयम्सेवी रक्तदाताहरुको कमी हुँदा बिरामीका आफन्तहरुले आफ्नो मान्छेका लागि बाध्यताले रगत दिन्थे भने पैसा तिरेर पेसेवर रक्तदाताहरुबाट रगत खरिद गरिन्थ्यो। नेपालमा स्वयम्सेवी रक्तदानको सुरुआत २००० सालमा स्व दयावीर कंसाकारले गर्नुभएको थियो। पछि २०२३ सालमा वीर अस्पतालमा लक्ष्मी ब्लड बैंकको स्थापना भई नेपालको राष्ट्रिय रक्तसञ्चार सेवा सुरु भएको थियो। स्वयम्सेवी रक्तदाता तथा रक्तदान गर्ने संस्थाहरुसँग स्वयम्सेवी रक्तदाताको अभाव, रक्तदानको प्रचारप्रसार नहुँदा तिनै पेसेवर रक्तदाताहरुको सहारा लिनुपर्ने बाध्यता रहेको थियो।

नेपाल रेडक्रस सोसाइटीले २०३३ सालमा रक्तसञ्चार सेवा केन्द्र काठमाडौं स्थापना गरी यसअन्तर्गत विभिन्न जिल्लामा संस्थागत रुपमा रक्तदान कार्यलाई अगाडि बढाएको थियो। पछि बिरामीलाई स्वच्छ तथा स्वस्थ रगत उपलब्ध गराउन सहयोग पुऱ्याउनका लागि काठमाडौं उपत्यकाका स्वयम्सेवी रक्तदान गर्ने विभिन्न सङ्घसंस्थालाई सङ्गठित गरी २०४६ सालमा ब्लड डोनर्स क्लबको स्थापना गरी २०४९ सालमा ब्लोदानको स्थापना गरियो।

ब्लोदानका केन्द्रीय अध्यक्ष प्रजापतिले केन्द्रले विभिन्न राष्ट्रिय/अन्तरराष्ट्रिय सङ्घसंस्थाहरुको सहकार्यमा रगतसम्बन्धी जनचेतनालगायत अन्य गतिविधिहरु निरन्तर सञ्चालन गर्दै आएको र यस वर्ष पनि विश्व रक्तदाता दिवसका अवसरमा यही जेठ २४ देखि ३१ गतेसम्म रक्तदान विभिन्न कार्यक्रमको आयोजना गरिएको बताउनुहुन्छ। 'रगतको अभावमा कुनै पनि बिरामीको अकालमा मृत्यु नहोस्' भन्ने मूल उद्देश्यका साथ विभिन्न कारणहरुले रगत आवश्यक परेका बिरामीहरुलाई विना शोधभर्ना स्वस्थ रगत सहजरुपमा रगत उपलब्ध गराउन 'बिना शोधभर्ना बिरामीलाई रगत उपलब्ध गराउन स्वयम्सेवी रक्तदान अभियानमा सहभागी होऔँ' भन्ने मूल नाराका यस वर्ष विभिन्न कार्यक्रमहरु सञ्चालन गरिएको उहाँको भनाइ छ।

रगतको अभावले ज्यान गएको छैन। आफन्त साथीभाइ र सामाजिक सञ्जालमार्फत बिरामीले आवश्यक पर्दा रगत प्राप्त गर्न सकेका छन्। सरकारले यस वर्ष पनि डेङ्गुको जोखिम आउनसक्ने बताएकाले अहिलेदेखि नै रगतको अभाव हुन नदिन उच्च सतर्कता देखाउनुपर्ने केन्द्रीय रक्तसञ्चार सेवाका निर्देशक दिव्यराज पौडेल बताउनुहुन्छ। उहाँका अनुसार रेडक्रसको देशभरिको तथ्याङ्क हेर्दा १४ प्रतिशत शोधभर्नाबाट रगत प्राप्त भइरहेको छ भने ८६ प्रतिशत शिविर र स्वयम्सेवीहरुबाट भएको छ। राष्ट्रिय रक्तसञ्चार नीति २०७१ मा शतप्रतिशत नै स्वयम्सेवी रक्तदाताहरुबाट हुनुपर्ने व्यवस्था रहेकाले स्वयम्सेवी रक्तदाताको संख्यात्मक वृद्धिसँगै उनीहरुलाई तीन/तीन महिनाको अन्तरमा रक्तदान गर्न उत्प्रेरित गराउनुपर्ने हुन्छ। नीति बनेको १० वर्ष भइसक्दा पनि यसम्बन्धी कानुन नहुँदा धेरै समस्या रहेको पौडेल बताउनुहुन्छ।

'नियमितरुपमा रगत तथा प्लाज्मा दान गरौं, जीवन बचाउने कार्यमा हातेमालो गरौं' भन्ने नाराका साथ आज विश्व रक्तदाता दिवस विश्वभर मनाउन विश्व स्वास्थ्य सङ्गठनले आह्वान गरेअनुरुप ब्लोदानले पनि यही जेठ २४ देखि ३१ गतेसम्म रक्तदान विभिन्न कार्यक्रमको आयोजना गरिएको छ। विश्व स्वास्थ्य सङ्गठनको आह्वानमा ए, बी, ओ रक्त समूह पत्ता लगाउने नोवेल पुरस्कार विजेता महान् वैज्ञानिक डा. कार्ल्स ल्यान्डस्टेनरको जन्मदिन जुन १४ को अवसर पारी सन् २००४ देखि सप्ताहव्यापी रुपमा मनाउन सुरु गरिएको हो।

# धमाधम हटाइँदै अव्यवस्थित तार



**रासस**
**काठमाडौँ।**
काठमाडौँ महानगरपालिकाभित्र अव्यवस्थितरूपमा राखिएका टेलिफोन, इन्टरनेटलगायतका तार व्यवस्थापनको काम धमाधमरूपमा भइरहेको छ । महानगरपालिकाको ताकेतापछि सेवा प्रदायक कम्पनीले टेलिफोन, इन्टरनेट, केवललगायतका तार व्यवस्थित गर्ने उद्देश्यले तार काट्ने र हटाउने काम भइरहेको हो । तार व्यवस्थापनका लागि काटिएका तार सडकपेटीमा अलपत्र छोडिँदा पैदलयात्रुलाई समस्या हुनुका साथै त्यसले दुर्घटनाको जोखिम बढाएको काठमाडौँ महानगरपालिका-९ सिनामङ्गलका ज्ञानु राणाले बताइन्।

उनले भनिन् 'अव्यवस्थित तार व्यवस्थापन गर्ने कार्य राम्रो हो, तर काटिएका तार सडकमा छोडिएका कारण त्यसले दुर्घटना निम्तिनुका साथै पैदलयात्रुलाई पनि समस्या हुने गरेको छ ।' बानेश्वर, थापागाउँलगायत क्षेत्रमा सेवा प्रदायक कम्पनीले अहिले तार काटेर फुटपाथमै भद्रगोलरूपमा छाडेका कारण अल्झिएर लड्ने खतरा बढेको उनको भनाइ छ । सडकमै छोडिएका तारमध्ये सबैभन्दा बढी इन्टरनेट, केबल सेवा प्रदायकका तार र टेलिफोनका तार बढी रहेका छन्।

काठमाडौँ महानगरपालिकाभित्रका अव्यवस्थित तार व्यवस्थापन गर्ने कार्य गएको वैशाख २५ गतेबाट सुरु भएको हो । सेवाका लागि चाहिनेभन्दा धेरै तार राखेर पोलमा भएको जोखिम, सहरी सुन्दरतामा देखिएको असर र आगलागीको जोखिमलगायत पक्षलाई हेर्दै महानगरपालिकाले पहिलो चरणमा माइतीघर मण्डलादेखि बानेश्वर हुँदै एयरपोर्टसम्म र न्यूरोडदेखि वसन्तपुर, असन क्षेत्रको तार व्यवस्थापन गर्न सुरु गरेको काठमाडौँ महानगर प्रहरी बलका प्रमुख राजु पाण्डेले जानकारी दिए।

पछिल्लो समय काठमाडौँ महानगरभित्र अव्यवस्थित तार व्यवस्थापन गर्ने कार्य राम्रो भएको नयाँबानेश्वरका स्थानीय मुकेश हमालले बताए । उनले भने 'तार व्यवस्थापन गर्दा राम्रो त देखिएको छ तर, बाटोमा तार फालिएका कारण पैदलयात्रुलाई समस्या हुने गरेको छ, बाटोमा फालिएका तार चाँडो व्यवस्थापन गरिनुपर्छ ।' काठमाडौँ महानगर प्रहरी बलका प्रमुख पाण्डेले एकीकृत तार व्यवस्थापन गर्दा निस्केका तार तथा काटेर बाटोमा राखिएका तारलाई सुरक्षित व्यवस्थापन गर्न तत्काल निर्देशन दिने बताए।

# हुँदै नभएको वडा तोकेर बजेट विनियोजन




**रासस**
**चितवन।**
माडी नगरपालिकामा नौ वडा मात्रै रहेका छन् । विसं २०७१ मङ्सिर १६ गते माडी उपत्यकाका चार गाउँविकास समितिलाई समाहित गरेर एउटा नगरपालिका बनाइएको हो । गर्दी, बघौडा, कल्याणपुर र अध्योध्यापुरी गाउँविकास समितिलाई समाहित गरेर सो नगरपालिका बनाइएको थियो । सुरुवाती समयमा ११ वडा सिफारिस गरिएको भए पनि पछि सरकारले नौ वडा कायम गरेको थियो ।

संघीय सरकारले आर्थिक वर्ष २०८०/८१ को बजेटमा वडा नं १० लाई बजेट विनियोजन गरेको छ । माडी नगरपालिका वडा नम्बर १० तोकेर अर्थ मन्त्रालयले सर्शत अनुदानको बजेट पठाएको नगर प्रमुख ताराकुमारी काजी महतोले जानकारी दिइन् । उनले भनिन् 'माडीमा वडा नं १० छँदै छैन तर रु १० लाख बजेट वडा नं १० भनेर छुट्टयाइएको छ ।' कार्यक्रम नै तोकेर बजेट विनियोजन गरिएको उनले बताइन् । नगरपालिकालाई दिइएको बजेट भएको भए आवश्यकताअनुसार खर्च गर्न सकिने भए पनि तोकेर नै पठाइएपछि के गर्ने भन्ने अन्योलमा परेको उनको भनाइ छ ।

स्यालोट्युवेल जडानका लागि रकम विनियोजन भएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शेषकान्त पौडेलले जानकारी दिए ।

नगरपालिकामा नयाँ जनप्रतिनिधि आएसँगै पहिलो कार्यपालिका बैठकले माडीको बाँदरझुलालाई वडा नं १० बनाउन सङ्घीय सरकारलाई सिफारिस गरेको छ । सङ्घीय सरकारले निर्णय गरेको भने छैन । उनले भने 'वडा सिफारिस गरिएको छ, तर निर्णय भइसकेको छैन, तर बजेट विनियोजन भएर आयो ।' अब यो बजेटलाई के गर्ने भन्ने विषयमा सङ्घीय सरकारसँग कार्यान्वयनका क्रममा समन्वय गरिने उनले बताए । बजेट आएको भए पनि वडाको विषयमा आधिकारिक जानकारी नआएको उनको भनाइ छ ।

माडीमा अन्तर सरकारी वित्तीय रकम ४७ करोड ५१ लाख रुपैयाँ बजेट आएको छ । त्यसमध्ये समानिकरण अनुदान १२ करोड १५ लाख रुपैयाँ, नेपाल सरकारको समानिकरण न्यूनतम अनुदान ३ करोड ५० लाख रुपैयाँ, समानिकरण सुत्रमा आधारित अनुदान ८ करोड १४ लाख रुपैयाँ, समानिकरण कार्यसम्पादनमा आधारित अनुदान ५१ लाख रुपैयाँ रहेको छ । यस्तै ससर्त अनुदान ३० करोड ३६ लाख रुपैयाँ रहेको छ । सङ्घीय सरकारले कृषि, स्वास्थ्य, शिक्षा, पर्यटन, पुर्वाधार, सामाजिक विकास लगायतका क्षेत्रमा बजेट तोकेर पठाएको छ । विशेष कार्यक्रम अन्तर्गत दुई  कार्यक्रम वडा नै तोकेर पठाइएको उनले बताए ।

# चलचित्र भवनमा छैनन् दर्शक



**रासस**
**काठमाडौँ।**
यस वर्षको सुरुआत नेपाली चलचित्रका लागि सुखद भयो । वर्षकै पहिलो दिन प्रदर्शन भएको चलचित्र 'जारी' को राम्रो व्यापार भयो।

उक्त चलचित्र प्रदर्शनको ५१ दिन पार गर्दै १५ करोड रुपैयाँको खुद व्यापार गर्न सफल भए पनि त्यसपछि प्रदर्शन भएका असफल भए । त्यसपछि हप्तामै दुई वा एक चलचित्र प्रदर्शन भइरहेका छन् । यद्यपि सफलता पाउने भने शून्य नै छन्।

दर्शकलाई आकर्षण गर्न चलचित्र सफल नभएको हुन सक्ने निर्देशक तथा निर्माता अशोक शर्माले बताए । 'निर्माण समूहप्रतिको विश्वास, ती चलचित्रको प्रचार सामग्री कारण हुन सक्छन्,' उनले भने 'नेपालीसँगै अन्य भाषाका चलचित्रमा समेत दर्शकको उपस्थिति न्यून छ ।' उनले चलचित्र 'जारी' ले नेपालभर राम्रो व्यापार गरेको जानकारी दिए।

'चलचित्रले नेपालभर नै राम्रो व्यापार गऱ्यो, सबै उमेर समूहका दर्शक चलचित्र भवनमा देखिनुभयो', निर्देशक शर्माले भने । 'जारी' सँगै 'बिहे पास' र 'बुलाकी' तथा त्यसपछि वैशाख १५ मा 'कैदीको पत्र', 'प्रसाद २' र 'नाईं नभन्नु ल ६', वैशाख २१ मा 'ज्याकी : आइएम ट्वान्टी वान', वैशाख २९ मा 'हल्कारा', जेठ ५ मा 'डाकिनी' र 'ए साथी सुन', जेठ १२ मा 'हुक्का' र 'टुल्की', जेठ २९ मा 'नीरफूल' र 'वेलकम टू हेम्जाकोट' प्रदर्शन भए।

चलचित्र विकास बोर्डको तथ्याङ्कअनुसार 'जारी' बाहेक अन्य चलचित्रको कुल व्यापार एक करोड रुपैयाँभन्दा माथि भएको छैन । घरेलु बजारमा 'जारी' बाहेक अन्य असफल रहे । नेपाली चलचित्रको व्यापारलाई मन्दीले असर गरेको हुनसक्ने नेपाल चलचित्र सङ्घका महासचिव नरेन्द्र महर्जनले बताए।

'दर्शक चलचित्र भवनसम्म निकै सोचेर पुग्नुभएको देखिन्छ, यद्यपि आकर्षित गर्न सके चलचित्रको व्यापार हुन्छ भन्नेमा दुईमत छैन', उनले भने 'आउँदो भदौबाट हामी आशावादी छौं, त्यस अगाडी आउने चलचित्र कमजोर छैनन्, तर दर्शकको सोधपुछ भदौका चलचित्रमा बढी पाएका छौँ ।'

# इम्बोस्ड नम्बर प्लेटमा नेपाली भाषा राख्ने तयारी

**सञ्चिता घिमिरे**
**काठमाडौँ।**
लामो समयको अन्यौलका बीच इम्बोस्ड नम्बर प्लेटमा नेपाली भाषा प्रयोग गर्ने सरकारको निर्णयपछि त्यसको कार्यान्वयका लागि तयारी अघि बढाइएको छ । यातायात व्यवस्था विभागले सवारी साधनमा इम्बोस्ड नम्बर प्लेट अङ्ग्रेजी, नेपाली र मिश्रित भाषामा छाप्नका लागि आवश्यक तथ्याङ्क सङ्कलनको काम अघि बढाएको छ । गत चैत २१ गतेको मन्त्रिपरिषद्को बैठकले इम्बोस्ड नम्बर प्लेट देवनागरी लिपिमा राख्ने निर्णय गरेको थियो । केही वर्ष पहिलेदेखि नै इम्बोस्ड नम्बर प्लेट नेपालीमा हुनुपर्ने माग भाषाविद्, सांसदलगायत सबै पक्षबाट हुँदै आएको थियो।




देशभरका जम्मा सवारी साधनलाई कति नेपाली, कति अङ्ग्रेजी र कति मिश्रित भाषामा नम्बर प्लेट चाहिन्छ भनी तथ्याङ्क सङ्कलन भइरहेको विभागले जनाएको छ । कुन प्रकारका सवारी साधन कति छन् र सेवाग्राही कुन भाषा चाहन्छन् भन्ने बुझेपछि जडानले गति लिने विभागका प्रवक्ता ईश्वरीदत्त पनेरुले बताए।

दुईपाङ्ग्रे, चारपाङ्ग्रे हलुका र चारपाङ्ग्रे हेभी गरी तीन किसिमका सवारी साधन रहेका छन् । यिनलाई फरक आकारका नम्बर प्लेट आवश्यक हुने प्रवक्ता पनेरुले बताए । कस्तो सवारी साधनका लागि कति सङ्ख्यामा नम्बर प्लेट चाहिने भनी यकिन गरिने उनले बताए । सरकारले नेपाली भाषामा छाप्ने भनी निर्णय गरेपछि कसरी गर्न सकिन्छ भनी छुट्याउने काम भइरहेको प्रवक्ता पनेरुले बताए । तथ्याङ्क आइसकेपछि आपूर्तिकर्ता कम्पनीलाई यस्ता खालका नम्बर प्लेट यतियति आवश्यक पर्छ भन्न सकिने उनको भनाइ छ । उनले भने 'त्यसपछियो काम अघि बढ्न सक्छ ।'

देशभरका सवारीसाधन दर्ताको तथ्याङ्क विभागसँग नभएकाले अहिले प्रदेशअन्तर्गतका यातायात व्यवस्था कार्यालयबाट सङ्कलन भइरहेको छ । कुन प्लेट कति चाहिन्छ भनी अनुमानको भरमा छाप्न नमिल्ने हुँदा पहिले यकिन तथ्याङ्क विवरण खोजिएको उनको भनाइ छ । जम्मा २५ लाख नम्बर प्लेछ छापिने र त्यसमा कतिले अङ्ग्रेजीमा छाप्ने कतिले नेपाली र कति मिश्रित भनेर पहिले बुझेर मात्रै छाप्नुपर्ने प्रवक्ता पनेरुले बताए । अनुमानको भरमा छाप्न दिने नभएकाले यस विषयमा छलफल भइरहेको उनले बताए । उनले भने 'निर्णय हुँदा समग्र रूपमा भए पनि कुन तरिकाबाट गर्ने भनी योजना बनाउन केही समय लाग्नेछ ।'

पहिले सवारीको प्रकार पत्ता लगाएपछि कुन भाषमा कति छाप्ने भनी तथ्याङ्क सङ्कलन हुने विभागले जनाएको छ । मन्त्रालयले एकै प्रकारको (नेपाली, अङ्ग्रेजी वा मिश्रित) भनी निर्णय गरेमा त्यही आधारमा गरिने र नभए कति सेवाग्राहीले कुन भाषामा छाप्ने छानेपछि सोही आधारमा गरिने उनले बताए । एकै थरी गर्ने हुँदा त्यही अनुरुप काम गर्न सकिने भए पनि विकल्प हुँदा कसले कुनमा छाने भनी बुझ्न समय लाग्ने उनले बताए । उनले भने 'कसरी गर्ने भनी छलफल भइरहे पनि निर्णय हुन सकेको छैन ।'

यस अघि सवारी साधनमा इम्बोस्ड नम्बर प्लेट जडान गरिसकेका सेवाग्राहीको अङ्ग्रेजी नै कायम हुनेछ । लगानी गरिसकेकाले त्यसमा परिवर्तन नहुने उनले बताए । नम्बर प्लेट जडानका लागि बुझाउनुपर्ने राजस्व बढी रहेकाले त्यो कम हुनुपर्ने माग नागरिकस्तरबाट उठ्ने गरेको छ । राजस्वको विषय ऐनमा उल्लेखित विषय भएकाले यसको विषयमा संसद्बाट निर्णय हुनसक्ने उनले बताए । उनले भने 'अहिलेसम्म कुनै निर्णय भइसकेको छैन ।'

पुरानो ठेक्काबाट काम गर्दा थप आर्थिक भार नपर्ने गरी कुरा भइरहेको विभागले जनाएको छ । आपूर्तिकता कम्पनी पनि यसमा सकारात्मक रहेको पाइएको छ । इम्बोस्ड नम्बर प्लेट जडानका लागि सम्झौता भएको सात वर्ष बित्दासमेत जडानको काम सुस्त छ । कहिले अदालतमा मद्धाका कारण, कहिले कोभिड त कहिले भाषाको विबादका कारण उच्च सुरक्षासहितको सवारी साधनमा प्रयोग हुने नम्बर प्लेट कार्यान्वयन सुस्त भएको हो । विभागले विसं २०७३ जेठ १७ गते टाइगर आइटी (द कर्पोरेसन) सँग नम्बर प्लेट आपूर्ति र जडानका लागि सम्झौता गरेको थियो।

कम्पनीसँगको सम्झौताको अवधि सकिएपछि विभागले थप्दै आएको छ । प्रविधियुक्त सो नम्बर प्लेटको प्रयोगले सवारी साधनको चोरी, राजस्व छली र आपराधिक क्रियाकलाप रोक्ने अपेक्षा गरिएको छ । विभागले सम्झौतामा वैयक्तिक नामाङ्कन र सूचना प्रविधि पूर्वाधारसमेत निर्माण गरिने उल्लेख थियो । आधुनिक र वैज्ञानिक नम्बर प्लेट अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा बोलपत्र आह्वान गरिएको थियो।

सम्झौताका आधारमा आपूर्तिकर्ता कम्पनीले २५ लाख कार्डसँगै सवारी धनीलाई इम्बोस्ड प्लेट प्रणालीमा आबद्ध गराउन र सवारी साधनका लागि कम्प्युटर प्रणालीबाट नम्बर प्लेट जारी गर्ने वैयत्तिक कार्यक्रमलगायत सफ्टवेयर निर्माण गर्ने उल्लेख थियो । सो सफ्टवेयर तयार भएर सञ्चालनमा आइरहेको छ । नम्बर प्लेट छपाइका लागि प्रयोग हुने मेसिनरी उपकरण जडान तथा सञ्चालन गर्नुपर्ने ठेक्का सम्झौतामा उल्लेख भएकामा उपकरणसहित कारखाना चालू अवस्थामा छ।

'स्टिकर' वा 'ट्याग' जडित सवारी साधनको विद्युतीय अनुगमनका लागि १० स्थानमा गेट निर्माण गर्ने सम्झौतामा उल्लेख थियो । काठमाडौँ उपत्यकामा नागढुङ्गा, जगाति, नागार्जुन, फर्पिङ र जोरपाटी तथा उपत्यकाबाहिर इटहरी, पथलैया, बुटवल, कोहलपुर र अत्तरियामा गेट जडान गर्ने सम्झौता रहेकामा कतिपय स्थानमा जडान भएको छ भने कतिपय स्थानमा हुँदैछ।

संविधानअनुसार देवनागरी लिपिमा लेखिने नेपाली भाषा नै सरकारी कामकाजको भाषा भएकाले नम्बर प्लेटमा नेपाली अक्षर हुनुपर्ने माग गर्दै विसं २०७४ फागुनमा रिट दर्ता गरिएको थियो । सो मुद्दामा अदालतले अन्तरिम आदेश दिएकाले नम्बर प्लेट जडान रोकिएको थियो । मुद्दामा रिट खारेज गरेपछि पुनः अघि बढाउन बाटो खुलेको थियो।

अदालतले छिमेकी देशले पनि इम्बोस्ड नम्बर प्लेटमा अङ्गेजी भाषा नै प्रयोग गरेको र नेपालको छिमकी देशसँग अन्तरदेशीय पारवाहन सम्झौता भएकाले अङ्ग्रेजी भाषाको प्रयोग अनुपयुक्त नहुने मन्त्रालय र विभागले बताउँदै आएका थिए । आमनागरिक, सांसद र भाषाविद्हरूले भने नम्बर प्लेटमा नेपाली भाषाको प्रयोगको माग गर्दै आएका थिए । भाषाविद्हरूले सरकार परिवर्तन हुना साथ प्रधानमन्त्री र भौतिक पूर्वाधारमन्त्री भेटेर यसको माग गर्दै आएका थिए।

# उखु किसानका समस्याबारे अध्ययन गर्न संसदीय उपसमिति गठन



**रासस**
**काठमाडौँ।**
उखु किसानका समस्याबारे अध्ययन गरी समाधानका उपाय सिफारिस गर्न सङ्घीय संसद् प्रतिनिधिसभा अन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले एक उपसमिति गठन गरेको छ । समितिका सदस्य कृष्णकुमार श्रेष्ठको संयोजकत्वमा रामशङ्कर यादव, सूर्यमान तामाङ (दोङ), कान्तिका सेजुवाल, गणेश पराजुली सदस्य रहनुहुने गरी पाँच सदस्यीय उपसमिति गठन भएको हो । समितिको बैठकले चिनी उद्योग तथा उखु किसानका समस्या तथा सुझाव अध्ययन उपसमिति गठन गरेको छ ।

उपसमितिलाई ३० दिनभित्र अध्ययन प्रतिवेदन पेस गर्न समयावधि दिइएको छ । ज्येष्ठ सदस्यका रूपमा समिति बैठकको सभापतित्व गर्नुभएका रणेन्द्र बरालीले गरेका थिए । उखु किसानले चिनी मिलबाट पाउनुपर्ने बक्यौता रकम तथा न्यूनतम सटमर्थन मूल्य नपाएको लगायतका विषयबारे यो उपसमितिले अध्ययन गरेर समितिमा सुझाव पेस गर्नेछ । समितिको बुधबारको बैठकमा वैदेशिक रोजगारीमा जाने कामदारका लागि सरकारले लागू गरेको 'फ्रि भिसा फ्रि टिकट'को प्रावधान प्रभावकारी रूपमा कार्यान्वयन नभएको, आगामी आर्थिक वर्षको बजेटबाट सरकारले करका दरमा गरेको हेरफेरबाट परेको प्रभावलगायतका विषयमा छलफल भएको छ ।

उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा परेको उजुरीमाथि छलफल गर्ने कार्यसूची थियो । मानव अधिकारका लागि जनमञ्च (पिपुल फोरम) ले तयार पारेको 'वैदेशिक रोजगार सम्बन्धमा सर्वोच्च अदालतबाट जारी भएका आदेशको कार्यान्वयनसम्बन्धी अवधारणापत्र'माथि आजको बैठकमा छलफल भएको छ । त्यस्तै, आगामी आर्थिक वर्षको बजेटले सुनको भन्सार बढाएको तथा सुनचाँदीलाई विलासिताको वस्तुको रूपमा राखेको विषयमा नेपाल सुनचाँदी व्यवसायी महासंघको उजुरी र पेट्रोलियम पदार्थमा भएको अनुचित मूल्यवृद्धिबारे उपभोक्ता हित संरक्षण मञ्च-नेपाल को उजुरी माथि पनि छलफल भएको छ ।

समितिको आगामी बैठकमा यी विषयसँग जोडिएका सम्बन्धित मन्त्रालय तथा निकायका पदाधिकारीलाई बोलाएर छलफल गर्ने निर्णय पनि आजको बैठकले गरेको छ ।

# नेप्सेमा वृद्धि कायमै, कारोबार रकम पाँच अर्ब नाघ्यो

**रासस**
**काठमाडौँ।**
आइतबारदेखि  निरन्तर उकालो लागेको नेपाल स्टक एक्सचेञ्ज ( नेप्से) को परिसूचकमा बुधबार पनि दोहोरो अङ्कको वृद्धि देखिएको छ । कारोबार रकम पनि बढेर पाँच अर्ब नाँघेको छ । नेप्से परिसूचक १६ दशमलव ४२ अङ्कले बढेर दुई हजार ३७ दशमलव छ अङ्क कायम भएको छ । बुधबार दुई सय ७५ वटा कम्पनीको एक करोड २५ लाख ६१ हजार चार सय ४० कित्ता शेयर ७९ हजार चार सय ६१ पटक खरिदबिक्री हुँदा पाँच अर्ब एक करोड ७८ लाख सात हजार छ सय ८२ रुपैयाँ बराबरको कारोबार भएको छ । विकास बैंक, वित्त, होटल तथा पर्यटन, लगानी,



निर्जीवन बीमा र व्यापार समूहको उपसूचक घटेको छ भने बाँकी सबै समूहको उपसूचक बढेको छ । विकास बैंक समूह ३६ दशमलव २१, वित्त १५ दशमलव ८९, होटल तथा पर्यटन ४३ दशमलव १६, लगानी शून्य दशमलव ३९, निर्जीवन बीमा ६७ दशमलव २७ र लगानी समूह २० दशमलव ०९ अङ्कले घटेको छ ।उपसूचक बढ्नेमा सबैभन्दा धेरै जीवन बीमा समूह एक सय ६४ दशमलव ६६ अङ्कले बढेको छ । त्यसैगरी, बैंकिङ १५ दशमलव ७४, जलविद्युत् १२ दशमलव छ, उत्पादन तथा प्रशोधन ३४ दशमलव १६, लघुवित्त ६५ दशमलव एक, म्युचुअल फन्ड शून्य दशमलव एक र अन्य समूह ३२ दशमलव ९० अङ्कले बढेको छ । बुधबारको कारोबारमा खप्तड लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा राष्ट्रिय बीमा कम्पनी लिमिटेडको शेयर मूल्य पाँच दशमलव ६२ प्रतिशतले घटेको छ । कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा धेरै २८ करोड १७ लाख आठ हजार आठ सय ४२ रुपैयाँ बराबरको पाँच लाख ३४ हजार चार सय ५६ कित्ता शेयर किनबेच भएको छ।

# मिस्टर एण्ड मिस मधेशको आयोजना हुदै




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
किशोरकिशोरीहरुका क्षमता अभिवृद्धि,व्यक्तित्व विकास र आत्मविश्वास बढाउनका लागि मधेशमै पहिलो पटक मिस्टर एण्ड मिस मधेश प्रतियोगीता आयोजना हुने भएको छ। बुधबार जनकपुरधाममा आयोजना गरिएको पत्रकार सम्मेलनमा जानकारि दिदै आयोजकले समग्रमा मधेश प्रदेशको रितीरिवाज,चालचलन,संस्कृति तथा सम्पदाहरुलाई प्रवर्द्धन गर्ने अभिप्रायको साथ यस कार्यक्रम संचालन हुन लागेको बताइएको छ।
कार्यक्रमका विजेताले जनही १ लाख नगद पुरस्कार संगसंगै विभिन्न लघु चलचित्र,म्युजिक भिडीयोहरुमा अभिनय गर्ने अवसर पनि प्राप्त गर्ने भएको आयोजकले जनाएको छ। यसका साथै नेपाललाई अन्तराष्ट्रिय सौन्दर्य प्रतियोगीतामा नेपाललाई प्रतिनिधित्व गर्ने अवसर,मुस्तागं होलिडे प्याकेज,विभिन्न राष्टिय तथा क्षेत्रीय टेलिभिजन तथा मिडियामा अन्तरवार्ताको अवसर,प्रदेशस्तरीय विभिन्न ब्रान्ड र विजनेसहरुसंग सहकार्य गर्ने अवसर प्राप्त गर्ने बताइएको छ। २० दिन सम्म चल्ने उक्त कार्यक्रममा विभिन्न खाले तालिम पश्चात सौन्दर्य प्रतियोगीताको फाइनल हुने यस कार्यक्रमको मुख्य प्रशिक्षणको रुपमा रयाम्प ध्वनी,अन्तराष्टिय स्तरको ग्रुमींग सेसन,व्यक्तिगत तथा आत्मविश्वास विकास तथा प्रर्वद्धन विभिन्न किसीमको सेमीनारको आयोजना गरिने जनाइएको छ। वाइवी फिल्मस प्रोडक्सनको आयोजनामा हुन लागेको सो इभेन्टको मुख्य प्रशिक्षक तथा कोरीयोग्राफर अभिविन्द खानीया रहेको आयोजक प्रोडक्सनका अध्यक्ष यादव भाईले जानकारि दिएका छन्।

# जनकपुरधाममा अत्याधुनिक मंगलम् डाइग्नोष्टिक ल्याब संचालनमा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाममा अत्याधुनिक मंगलम् डाइग्नोष्टिक ल्याब संचालनमा आएको छ।
प्याथोलोजी क्षेत्रमा विगत २७ वर्षदेखि देशको विभिन्न स्थानमा सेवा दिँदै आएका डा. अमरनाथ ठाकुरले मंगलम् डाइगोनेष्टिक ल्याब संचालनमा ल्याएका हुन्।
वीरगंजमा संचालनमा रहेका मंगलम डाइग्नोष्टिक ल्यावको दोस्रो शाखाको रुपमा जनकपुरधाममा संचालनमा ल्याइएको छ।
जनकपुरधामको हस्पिटल रोडमा संचालनमा ल्याएको उक्त ल्याबको बुधबार एक समारोहबीच जानकी मन्दिरका महन्थ रामतपेश्वर दास बैष्णवले उदघाटन गरेका थिए।पाँचहजार भन्दा बढि टेस्ट गरिने एक ठाउको रुपमा रहेको मंगलममा क्यान्सरसम्मको टेस्ट अब जनकपुरधाममै सम्भव भएको संचालक ठाकुरले बताएका छन्।
विगत तीनवर्ष देखि ल्याव संचालनमा ल्याउनकालागि प्रयास गर्दै आएको तर जग्गाको खाँचोको कारण सफल हुन नसकेको बताउदै उनले जानकी मन्दिरका महन्थ



रामतपेश्वर दासको सहयोगले ल्याव संचालनमा ल्याउन सफल भएको बताए।
डा. ठाकुरले सकेसम्म जनकपुरधाममै सबैभन्दा सस्तो दरको ल्याव दरका साथै असहाय,जेष्ठ,पत्रकारहरुलाई निःशुल्क सम्मको सुविधा प्रदान गर्ने बताए। उनले भने,'पैसाको अभावमा कुनैपनि विरामीलाई फर्कन दिइन्न,विरामीसंग जती पैसा हुन्छ त्यतिमा पनि सहयोग गर्न तयार रहेको,पैसा कमाउने उदेश्यमात्र नरहि सेवाभावले पनि ल्याव संचालनमा ल्याएको छु।' ल्यावले क्वालिटी सर्भिसका साथै दुई घण्टामा रिपोर्ट दिईने सुविधाका साथ मंगलमलाई संचालनमा ल्याइएको बताइएको छ।जलेश्वर घर भएका डा. ठाकुले आफ्नो जन्मभूमिमा जनसेवाको उद्देश्यले आधुनिक ल्याब संचालन गरेको बताए। उनले जनकपुरधाममा न्युनतम शुल्कमा गुणस्तरीय सेम्बल जाँच गरिने बताए। तीन करोड रुपैयाँको लागतमा डाइग्नोष्टिक सेन्टर स्थापना गरेको उनको भनाइ छ।

# नागरिकताविहीनको न्यायका लागि सत्याग्रह बस्ने शर्माको घोषणा



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेकपा (माओवादी केन्द्र)का नेता रामकुमार शर्माले सर्वोच्च अदालतबाट नागरिकता विधेयक सम्बन्धि आदेश अविलम्ब नआए सत्याग्रहमा बस्ने चेतावनी दिएका छन्।
नागरिकता सम्बन्धि आदेश सर्वोच्च अदालतबाट नआउँदा लाखौ नेपाली युवा बिचल्लीमा परेकाले अविलम्ब नागरिकता प्रदान गर्ने फैसला आउनुपर्ने शर्माले माग गरेका हुन्।बुधबार जनकपुरधाममा पत्रकार सम्मेलनको आयोजना गर्दै नेता शर्माले नागरिकता प्रदान गर्ने आदेश अविलम्ब नआए असार १ गतेदेखि सत्याग्रहमा बस्न बाध्य हुने चेतावनी दिएका छन्।
नेपालको संविधान २०७२ जारी भएको करिव ८ वर्ष भइसकेको र संविधान जारी भएको मितिले ३ वर्ष भित्र संघीय संसदबाट कानुन बनाएर पूर्णरूपमा कार्यान्वयन गरिने भनिएपनि राज्यद्वारा अनागरिक बनाउने प्रपञ्च सह्य नहुने उनले बताए।
नागरिकता विधेयक संघिय संसदबाट पारित भएर राजपत्रमा प्रकाशित भइसक्दा समेत अनेक बहानामा कार्यान्वयन गर्न षड्यन्त्र हुँदै आइरहेको उनको आरोप छ।
'शर्मालेे भने, 'संविधान बमोजिम नागरिकता पाउन योग्य १० लाख भन्दा बढी नेपाली यूवाको पीडालाई आत्मसात गर्दै जेठ १७ गते नागरिकता विधेयक प्रमाणीकरण भयो र गृह मन्त्रालयले तत्काल राजपत्रमा प्रकाशित गर्यो। तर, षड्यन्त्रपूर्वक नागरिकता विधेयक असफल बनाउनकैलागि सर्वोच्च अदालतमार्फत षड्यन्त्र सुरु भएको छ।' शर्माले राष्ट्रिय एकता कायम राख्नका लागि पनि नागरिकता प्रदान गर्ने आदेश चाँडै आउनु आवश्यक रहेको बताए।

# दोष र कष्टहरू हटाउने व्रत प्रदोष

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धार्मिक परम्पराअनुसार हिन्दु महिला र पुरुषहरुद्वारा बुधबार प्रदोष व्रत मनाइएको छ। प्रदोष व्रत भगवान् शिवलाई समर्पित एक पवित्र व्रत हो। हरेक महिनाको त्रयोदशी तिथिमा मनाइने भएकाले यो व्रतलाई प्रदोष व्रत भनिएको हो।
साँझमा कैलाश पर्वतमा अवस्थित आफ्नो रजत भवनमा भगवान् शिव नाच्ने जनविश्वास छ। एकादशीमा विष्णुलाई स्मरण गरिन्छ भने प्रदोषमा शिवको स्मरण गरिन्छ। प्रदोष काल सूर्यास्त हुनुभन्दा ४५ मिनेट अगाडि सुरु हुन्छ र सूर्यास्तको ४५ मिनेटपछि समाप्त हुन्छ। प्रदोष कथा चन्द्रमाको क्षय हुने रोग अर्थात् चन्द्रमाको प्रभाव कम हुँदै जाने अवस्थामा भगवान् शिवले त्रयोदशीका दिन चन्द्रमाको रोग निवारण गरिदिएको शास्त्रमा उल्लेख छ। यस दिन भगवान शिवले आफ्ना भक्तहरूको सबै मनोकामना पूरा गरिदिने विश्वास छ।
हरेक महिनाको त्रयोदशीमा भगवान् शिवको स्मरण गर्दै प्रदोष व्रत लिइन्छ। यो तिथि महिनामा दुई पटक आउने गर्छ। प्रदोष व्रत चन्द्रमासको दुबै त्रयोदशीमा




मनाइन्छ। एउटा शुक्ल पक्षमा र अर्को कृष्ण पक्षमा। शास्त्रअनुसार प्रदोष अवधि सूर्यास्तदेखि साँढे दुई घण्टासम्म रहन्छ। यो दिन र रात मिलनको समय हो। यस्तो अवस्थामा यो समय निकै राम्रो मानिन्छ।
यो व्रत अत्यन्त शुभ हुन्छ र भगवान् शिवले आशीर्वाद प्रदान गर्ने भनाइ रहेको छ। यस व्रतको प्रभावले सबै प्रकारका दोष र कष्टहरू हट्ने जनविश्वास छ। त्रयोदशी तिथिलाई भगवान् शिवको आराधनाका लागि उत्तम मानिन्छ। यस दिन भगवान शिवको विशेष पूजा गरिन्छ। प्रदोष कालमा भगवान् शिवको आराधना पुरा गर्नु आवश्यक छ। यस दिन बिहान स्नान गरी बेलपत्र, गंगाजल, अक्षत, धूप दियोले भगवान शिवको पूजा गर्ने चलन छ। साँझ फेरि स्नान गरेपछि त्यसै गरी भगवान शिवको पूजा गर्ने परम्परा छ। प्रदोष कालमा घ्यूको दियो बाल्नु पर्दछ। यस समयमा भगवान शिवको पूजा नगरी भोजन गर्नु हुँदैन। पूजा गरेपछि फलफूल खान सकिन्छ तर नुन खान बन्चित गरिएको छ। प्रदोष व्रतको उदयपन त्रयोदशी तिथिमा मात्र गर्नुपर्छ। प्रदोष व्रतको पूजा आफ्नो नगरको सूर्यास्तको समय अनुसार प्रदोष कालमा गर्नुपर्छ। व्रत बस्दा खाना, नुन, खुर्सानी आदिको सेवन गर्नु हुँदैन। त्यस्तै, पूजा थालीमा अबीर, चन्दन, कालो तिल, फूल, धतुरा, बिल्व पत्र, शमी पत्र, जनै, दीप, कपूर, अगरबत्ती र फलफूल राखेर पूजा गर्ने परम्परा रहेको छ।

# गाडीको ठक्करबाट वृद्धको मृत्यु, सेवक पक्राउ

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सर्लाहीमा गाडीको ठक्करबाट एक बृद्धको घटनास्थलमै मृत्यु भएको छ।
जिल्लाको कविलासी नगरपालिकामा बुधबार साँझ करिब साढे ५ बजे नवलपुरबाट मलंगवातर्फ आइरहेको बा.४ च ९२०० नम्बरको गाडीले ठक्कर दिँदा एक बृद्धको मृत्यु भएको हो।
मृत्यु हुनेमा कविलासी नगरपालिका-१० बस्ने ६५ वर्षीय सोनेलाल राय यादव रहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता प्रहरी नायव उपरीक्षक दीपेन्द्र पञ्जियारले जानकारी दिए।तीव्र गतिमा रहेको सो गाडीले ठक्कर दिँदा यादवको घटनास्थलमै मृत्यु भएको उनले बताए।
प्रहरीले ठक्कर दिने गाडीका चालक जनकपुरधाम-४ बस्ने बैद्यनाथ साहलाई पक्राउ गरेको छ। साह जनकपुरधाममा सेवकको नामले परिचित छन्।



# डा. साहको नाममा १० लाखको अक्षयकोष स्थापना गरिने



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
वरिष्ठ चिकित्सक तथा मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका संस्थापक उपकुलपति डा. रामकेवल साहको श्राद्धकर्म निष्ठापूर्वक तर सादगीका साथ गायत्री वैदिक विधिबाट सम्पन्न गरिने निर्णय परिवारजनाले गरेको छ।
उनका छोरा ई. धीरज साह र डा. नीरज साहले वृहत् भोजभतेर नगरी प्रारम्भमा १० लाखको अक्षयकोष स्थापना गरी जेहेन्दार र आर्थिक अभावका छात्र-छात्राहरुलाई छात्रवृति तथा गरीब अशक्तको उपचारमा सहयोग गर्ने निर्णय लिएको बताएका छन्।
डा. रामकेवल साहको दिल्लीमा उपचाररत अवस्थामा जेठ २४ गते निधन भएको थियो।
धनुषाको सवैलामा आर्थिक रुपमा अत्यन्त कमजोर परिवारमा जन्मेका डा. साह आफ्नो मिहिनेत र जेहेन्दारीले चिकित्साशास्त्रमा उच्च शिक्षा प्राप्त गर्न सफल भई प्रतिष्ठित हाड, जोर्नी, नशा विशेषज्ञ बन्न सफल भएका थिए। डा. साह लोकतन्त्र र समानताको नागरिक हकको समर्थक तथा समाजसुधार अभियानहरुको पक्षपाती थिए।

# बाह्र जनाको नामबाट ६३ वटा खाता खोलेर अवैध कारोबार



**रासस**
**काठमाडौँ ।**
विश्वमा सञ्चालन हुने विभिन्न खेल तथा अनलाइन गतिविधिमा सट्टेबाज (जुवा) खेल्न प्रयोग हुने 'वान एक्स बेट'मार्फत एकै व्यक्तिले ६४ करोड रुपैयाको अवैध कारोबार गरेको फेला परेको छ।
काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालका अनुसार कैलाली घर भई चाबहिल बस्ने दिनेश खड्काले विलाश थारु, तेजबहादुर खड्का, नवीन चौधरी, अनिता धितालको कागजात प्रयोग गरेर १२ जनाको नाममा खाता खोलेर सट्टेबाजको मुख्य एजेन्टकोरुपमा सक्रिय भएको पाइएको हो।
सट्टेबाजको रकम प्रयोग गर्न दिनेशले ६३ वटा खाता खोलेको भेटिएको कार्यालयका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक डा मनोज केसीले जानकारी दिए। उनका अनुसार उनीसहित सट्टेबाजीको एजेन्टकारुपमा सक्रिय रहेका अन्य चार जनालाई पक्राउ गरी अनुसन्धान थालिएको छ।
पक्राउपर्नेमा निज खड्का, अनिता धिताल, दीपेश श्रेष्ठ, दिनेश चन्द र आशिष लामिछाने छन्।
उनीहरुले सट्टेबाजमा ७४ करोड १३ लाख कारोबार गरेको पाइएको छ। आशिषले तीन करोड कारोबार गरेको फेला परेको छ भने दिपेशले पाँच करोड ५४ लाख कारोबार गरेको फेला परेको प्रहरी उपरीक्षक डा केसीले बताए।
उनका अनुसार आशिषको साथबाट प्रहरीले ३७ लाख बरामद गरेको छ। उनीहरुको साथबाट ल्यापटप, मोबाइल, सिमलगायत विभिन्न सामग्री बरामद गरिएको प्रहरीले जनाएको छ। कार्यालयले बरामद सामग्रीसहित उनीहरुलाई आज सार्वजनिक गरेको हो। उनीहरुले क्रिप्टो करेन्सीको कारोबार गरेको प्रमाणसमेत फेला परेकाले राष्ट्र बैंक ऐन र जुवा ऐनबमोजिम मुद्दा अघि बढाउने तयारी गरेको प्रहरीले जनाएको छ।



# आफैँ ट्याक्टर चलाएर बेहुला कन्याको घर पुगेपछि ...



**एएनआई**
**राजस्थान ।**
राजस्थानको बारमेरमा एक जना किसानले आफ्नो छोराको विवाह अनौठो ढङ्गले गरेका छन् । दुलहीको घरमा खेत खनजोतमा प्रयोग हुने ट्याक्टरको ताँती लगाएर ती किसानले छोराको धुमधामसँग बिहे गराएका हुन् । आफ्नो लगनगाँठो कस्न जाँदा फगत एउटा ट्याक्टर लिएर गएका ती किसानले बुहारी लिन जाँदा भने ५१ वटा ट्याक्टरको जुलुस गराएका छन् । सोमबार बिहान बेहुला प्रकाश चौधरीको घरबाट ५१ किलोमिटर टाढा रहेको रोली गाउँतर्फ दुलही लिन गएको टोली देखेर गाउँभरका मानिस अचम्म मानेर हेरिरहेका थिए ।

अझ आश्चर्यको कुरा के भने दुलाहा आफैँले ट्याक्टर चलाएका थिए । उनका पछिपछि ५० वटा ट्याक्टरको ताँती थियो ।

ट्याक्टरमा दुई सय जनाभन्दा बढी जन्ती थिए । 'मेरो विवाहमा जम्मा एउटा ट्याक्टर थियो, मैले छोराको लागि ५१ वटा ल्याएँ,' आफ्नो परिवारको मुख्य पेशा कृषि भएकाले किसानको पहिचान ट्याक्टर चलाएर बुहारी लिन छोरालाई निर्देशन दिएको स्पष्ट गर्दै दुलहा प्रकाशका बुवा भन्छन् । बाबुको निर्देशनअनुसार आफूले ट्याक्टर चलाएको र किसानको छोरालाई दुलही लिन जाँदा अन्य सवारी साधन चढ्नुपर्छ भन्ने नलागेको उनले बताए । शेरवानीमा सजिएका उनले रवाफिलो विवाह नरुचाएको सुनाए । कन्या पक्षका मानिस दुलहा स्वयमले् ट्याक्टर लिएर आएको खबर दुलही ममताको गाउँमा फैलिएपछि आश्चर्यचकित धेरै गाउँले प्रकाश र ट्याक्टरमा आएका उनका जन्तीलाई हेर्न धुइरिएका थिए । प्रकाशका पितासँग ३० वटा ट्याक्टर भएकाले जन्ती जान अरु सवारी साधनको जोहो नगर्ने बरु छिमेकी किसानका ट्याक्टर पनि माग्ने निर्णय गरेर थप २१ वटा ट्याक्टरमा जन्ती व्यवस्थापन गरिएको उनले बताएका छन् ।

# मृत घोषित महिला पाँच घण्टापछि जीवित



**एएनआई**
**इक्वेडोर ।**
चिकित्सकले मृत घोषणा गरेको पाँच घण्टापछि ७६ वर्षीया एक महिला जीवित भएकी छन् । इक्वेडोरको बाबहोयो सहरकी सेवानिवृत्त नर्स बेला मोन्टोयालाई चिकित्सकहरूले मृत घोषणा गरेपछि शवलाई 'कफिन'मा राखेर स्मृति सभा गरी अन्त्येष्टिका निम्ति समाधिस्थल लैजान उनका छोरासहित मलामीले कफिन उठाउँदा उनले भित्रबाट ढकढक्याएकी अमेरिकी प्रसारण संस्था केबल न्युज नेटवर्क सिएनएनले जनाएको छ । इक्वेडरको स्वास्थ्य मन्त्रालयले ती महिलालाई हृदयाघात भएको बताएको छ ।
चिकित्सकले उनलाई मृत घोषणा गरेको विषयमा अनुसन्धान गर्ने जनाउँदै त्यस निम्ति प्राविधिक समिति गठन गरिएको एक विज्ञप्ति निकालेर बताएको छ । स्वास्थ्य मन्त्रालयको विज्ञप्तिअनुसार मोन्टोयालाई बाबाहोयोको मार्टिन इकाजा अस्पताको सघन उपचार कक्षमा राखेर उपचार गरिएको थियो र पछि उनलाई मृत घोषणा गरिएको थियो ।

# प्रतिस्पर्धीलाई उछिन्दै उन्नयनको बाटोमा भारतीय अर्थतन्त्र

**एएनआई**
**नयाँदिल्ली ।**
कोरोना महामारीका कारण थलिएको विश्व अर्थतन्त्र महामारीका अन्त्यसँगै उठ्ने प्रयासमा लागेका बेला भारतीय अर्थतन्त्रमा देखिएका आशाका किरण र भविष्यमा भारतले उज्ज्वल स्थान ओगट्नसक्ने प्रक्षेपण अन्तरराष्ट्रिय मुद्रा कोष ( आईएमएफ) ले गरेपछि भारतका निर्णयकर्ताले सावधानीपूर्वक देशको अर्थव्यवस्थालाई चलायमान बनाउने प्रण गरे ।
प्रधानमन्त्री नरेन्द्र मोदीको साथ र सहयोगले उनीहरूलाई उत्साहित बनायो । उनीहरूले सतर्कतापूर्वक वित्तीय एवम् आर्थिक योजना तर्जुमा गर्दै तिनलाई तत्काल कार्यान्वयनको चरणमा पुर्‍याए । अहिले ती योजनाले परिणाम देखाएका छन् ।
हालै जारी गरिएको देशको अर्थतन्त्रको आकडामा सरकारी अनुमानभन्दा बढीले कुल गार्हस्थ्य उत्पादन (जिडिपी) भएको छ । सात प्रतिशतले जिडिपी विस्तार हुने सरकारी अनुमान सात दशमलव दुई प्रतिशत पुगेको छ । यो विस्तारले भारत उदीयमान अर्थतन्त्र भएका मुलुकको सूचीमा द्रुततर विकासको बाटोमा अघि बढेको स्पष्ट हुन्छ । कोभिड-१९ को महामारीपछि आफ्नो प्रतिद्वन्द्वी भारतको तुलनमा चीनले आफ्नो आर्थिक पुनरुत्थानमा खासै गति लिन सकेन ।
अमेरिकी वित्तीय सेवा कम्पनी मोर्गन स्टेनलीले हालै सार्वजनिक गरेको एक प्रतिवेदनअनुसार एक दशकभन्दा कम समयमा भारतको अर्थतन्त्रमा परिवर्तन भएको छ । भारतीय अर्थतन्त्रको सूक्ष्म विश्लेषण गरेको स्टेनलीको प्रतिवेदनले भविष्यमा पनि आर्थिक क्षमतामा उत्कृष्ट हुने प्रक्षेपण गरेको छ । भूतपूर्व राजस्व सङ्कलन र विवेकपूर्ण खर्च, निर्यात र प्रत्यक्ष विदेशी लगानी (एफडीआई) मा वृद्धि, अतुलनीय पूर्वाधार, विकासको गतिलाई रोकिन नदिन निरन्तरको निगरानी, नीतिगत हस्तक्षेप, मुद्रास्फीति नियन्त्रणको इमानदार प्रयासलाई भारतले आक्रमकरुपमा अघि बढाएको छ ।
सन् २०१३ कम नरेन्द्र मोदीले देशको शासन व्यवस्था सम्हालेपछि भारतमा परिवर्तन आएको र अर्थव्यवस्था पनि सबल बन्दै गएको प्रतिवेदनमा उल्लेख छ ।
प्रतिवेदन भन्छ-विश्वका प्रतिष्ठित पाँच अर्थतन्त्रमध्ये सबैभन्दा द्रुत गतिमा भारतमा आर्थिक वृद्धि भइरहेको छ । दीर्घकालीन आर्थिक लक्ष्यहरूको रणनीति बनाउनेदेखि सुधारका उपायलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्ने, जसरी पनि देशको अर्थतन्त्रलाई उजिल्याएरै छाड्ने व्यक्तिगत आकाङ्क्षा र राष्ट्रको प्रगतिलाई नै आफ्नो सफलता मान्ने नेतृत्वको सोचले त्यो सम्भव भएको हो ।
स्थिर पूँजीको व्यवस्था र निर्यातमा भएको बढोत्तरी इर्ष्या गर्न लायक छ । रोजगारी अभियानमा स्वयम् मोदीले मोर्चा बनाएर अघि बढ्दा सफलता मिलेको छ । अस्थायी नै भए पनि एकैपटक ७० हजार युवाले रोजगारी पाएका छन् ।
सबै किसिमका व्यापारलाई सरकारको दायराभित्र ल्याएर अर्थतन्त्रको औपचारिकीकरणतर्फको सफल प्रयाससँगै मोदी सरकारले देशको करको आधारलाई फराकिलो बनाउने र जनतालाई आर्थिक रुपमा सबल बनाउन अघि सारेका प्रोत्साहन योजना, सामाजिक सुरक्षा, ऋण, वित्तीय सेवामा सहज पहुँच र व्यापारको वातावरण सुनिश्चिताले पनि व्यवसाय फस्टाएको छ ।
वैदेशिक लगानी बढेको छ । भारतले लगानीकर्ताहरूको लागि अनुकूल वातावरण बनाएको छ । गत वर्ष झण्डै आठ अर्ब अमेरिकी डलर एफडीआई इक्विटी प्रवाहसहित एफडीआईमा ८४ अर्ब ८० करोड डलर पुगेको छ ।
पूर्वाधार विकासलाई तीव्रता दिन ठूलो प्रयास गरिरहेको छ । एयरवेजदेखि रेलवे र रोडवेजसम्म, द्रुत विस्तार र स्तरवृद्धिले देशको बृहत् आर्थिक लाभांश बढाउन मद्दत पुगेको छ ।
प्रतिवेदनअनुसार अर्थतन्त्रको डिजिटलाइजेशन भारी मात्रामा हुँदा अनियमिता रोकिएका छन्भने ढिलासुस्ती नियन्त्रणका संयन्त्र सक्रिय रहँदा व्यापारको वातावरणमा उत्साह थपिएको छ । डिजिटलाइजेसनका प्रयासले उनको लेनदेन ढाँचा बदलिएका छन् त्यसलाई अनुकरण गर्न खोज्ने देशको सङ्ख्या बढिरहेको छ । डिजिटलाइजेसनले सुदूर देशका व्यक्ति र संस्थालाई पनि सेवा-सुविधा प्रवाह गर्न प्रोत्साहन मिलेको छ ।
प्रतिवेदनअनुसार अर्थतन्त्रको डिजिटलाइजेशन भारी मात्रामा हुँदा अनियमिता रोकिएका छन्भने ढिलासुस्ती नियन्त्रणका संयन्त्र सक्रिय रहँदा व्यापारको वातावरणमा उत्साह थपिएको छ । डिजिटलाइजेसनका प्रयासले उनको लेनदेन ढाँचा बदलिएका छन् त्यसलाई अनुकरण गर्न खोज्ने देशको सङ्ख्या बढिरहेको छ । डिजिटलाइजेसनले सुदूर देशका व्यक्ति र संस्थालाई पनि सेवा-सुविधा प्रवाह गर्न प्रोत्साहन मिलेको छ ।
भारतीय अर्थतन्त्रको सुदृढीकरणका निम्ति धेरै राम्रा परिवर्तन भएका, संरचनात्मक सुधार, सहयोगी नीति तथा कानुन, सुशासन नै आर्थिक वृद्धिको दिगोपन सुनिश्चित गर्ने मोदीमन्त्रलाई भारतले आत्मसात गरेकाले नै ठूलो उत्साहका साथ भारतीय बजारमा बहुराष्ट्रिय कम्पनी एप्पल इन्कदेखि गुगलसम्मका व्यापारिक प्रतिष्ठान लगानीका निम्ति आएका भारतीय उद्योग वाणिज्य महासङ्घका अध्यक्ष सुभ्रकान्त पाण्डा बताउँछन् ।
सरकारको दूरदर्शी विचार र प्रभावकारी कार्यान्वयनले भारतलाई उल्लेखनीय आर्थिक वृद्धि हासिल गर्ने बाटोमा अघि बढाएको उल्लेख गर्दै अध्यक्ष पाण्डा सन् २०३२ सम्ममा भारतको प्रतिव्यक्ति आय पाँच हजार दुई सय अमेरिकी डलर पुग्ने अनुमान गरिएको बताउँछन् ।
मोर्गन स्टेनलीले देशमा मुद्रास्फीति 'सौम्य र कम अस्थिर' रहने अनुमान गरेका छन्, जसले देशको लागि अवरोध-रहित वृद्धि मार्ग प्रशस्त गर्नेछ । भारतको उपभोग बास्केट पनि बढ्दै गएको छ र देश विवेकाधीन खर्चतर्फ द्रुत गतिमा अघि बढिरहेको छ । भारत निकट भविष्यमा विश्वकै सबैभन्दा आकर्षक लगानी गन्तव्य बन्ने विश्व अर्थतन्त्रको उच्च स्थानमा पुग्नेमा उनी ढुक्क छन् ।




# शीर्ष चिनियाँ र अमेरिकी कूटनीतिज्ञबीच फोन वार्ता



**एएफपी**
**बेइजिङ ।**
विश्वका दुई ठूला अर्थतन्त्रबीच तनाव तीव्र रूपमा बढेका बेला अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केन र चिनियाँ विदेशमन्त्री छिन कङले बुधबार टेलिफोन वार्ता गरेका छन् । यो हालैको कूटनीतिक गतिविधिमा भएको उच्चस्तरीय वार्ता हो । विशेष गरी ताइवानलाई लिएर अमेरिका र चीनबीच द्वन्द्व हुने गरेको छ । बेइजिङले आवश्यक परे ताइवानलाई बल प्रयोग गरेर कब्जा गर्नसक्ने चेतावनी दिँदै आएको छ ।
यसअघि अमेरिकी विदेशमन्त्रीको फेब्रुवरीमा हुने भनिएको नियोजित भ्रमण अचानक रद्द भएपछि आपसी मनोमालिन्यलाई शान्त पार्ने उद्देश्यले दुई देशका शीर्ष कूटनीतिज्ञले वार्ता गरेका हुन् । आगामी आइतबार अमेरिकी विदेशमन्त्री बेइजिङ पुग्दै छन् ।
यो वर्षको प्रारम्भदेखि नै चीन र अमेरिकाबीचको सम्बन्ध नयाँ कठिनाइ र चुनौतीबाट गुज्रिरहेको चिनियाँ विदेशमन्त्रीले वार्तामा बताएका थिए । चिनियाँ विदेश मन्त्रालयका अनुसार राष्ट्रपति सी चिनफिङले अगाडि सारेको पारस्परिक सम्मान, शान्तिपूर्ण सहअस्तित्व र दुवै पक्षलाई मान्य हुने सहयोगको सिद्धान्त अनुसार चीन-अमेरिका सम्बन्धलाई सुदृढ बनाउने चिनियाँ चाहना विदेशमन्त्रीले दोहोर्‍याएका थिए ।
अमेरिकी विदेश मन्त्रालयले पनि विदेशमन्त्री ब्लिन्केनले विश्व मामिलाका साथै आपसी सम्बन्धलाई जिम्मेवारीपूर्वक व्यवस्थापन गर्ने, द्वन्द्वबाट बच्ने तथा चीनसँगको संवाद र सञ्चारलाई खुला राख्ने विषयमा आफ्ना चिनियाँ समकक्षीसँग विचारविमर्श गरेको बताए ।

## फाइभ नेसन्स बास्केटबल च्याम्पियनसिपः

# नेपाल भुटानसँग पराजित




**मधेशदृष्टि**
**काठमाडौं ।**
माल्दिभ्समा सुरु भएको फाइभ नेसन्स पुरुष बास्केटबल च्याम्पियनसिपमा नेपाल पहिलो खेलमै पराजित भएको छ । बुधबार मालेमा भएको पहिलो खेलमा भुटानले नेपाललाई ६१-५५ ले हरायो । २०१९ को १३ औं सागपछि पहिलो अन्तर्राष्ट्रिय खेल खेलिरहेको नेपालमाथि भुटानले पहिलो क्वाटरमा २१-१३ को अग्रता बनाएको थियो ।सुरुमै ८ अंकले पछि परेको नेपालले त्यसपछिको दुई क्वाटरमामा पुनरागमन गर्ने प्रयास गरेको थियो । नेपालले दोस्रो क्वाटर १६-१५ र तेस्रो क्वाटरमा १३-१२ को अग्रता बनाउदै अन्तिम क्वाटरअघि अंक दुरी ६ ( ४२-४८) मा झारेको थियो । तर चौथो तथा निर्णायक क्वाटरमा नेपाल र भुटानले समान १३ अंक जोडेपछि नेपाल ६१-५५ ले पराजित भयो । नेपालले दोस्रो खेल बिहीबार पाकिस्तानसँग खेल्नेछ।

# दक्षिण एसियाली चेस च्याम्पियनसिपः नेपाली खेलाडीको मिश्रित सुरुवात

**मधेशदृष्टि**
**काठमाडौं ।**
नेपाल बुद्धिचाल महासंघको आयोजनामा सुरु भएको दक्षिण एसियाली बुद्धिचाल च्याम्पियनसिपको पहिलो चरणमा नेपाली खेलाडीहरुको प्रदर्शन मिश्रित रह्यो । नेपाल च्याम्पिया फिडेमास्टर रुपेश जयसवालले बंगलादेशका २११३ रेटेट अब्दुल मलेक मोहम्मदलाई पराजित गरे । रुपेशले २८ औं चालमा अब्दुललाई निराश पारेका हुन् । त्यस्तै १४ वर्षीय उदीयमान युवा खेलाडी १८३४ रेटेट पुरुषोत्तम सिलवालले भुटानका अनरेटेट डिक्चेन दोर्जीलाई सहज रुपमा ३४ औं चालमा निराश पारे । पूर्व नेपाल च्याम्पियन २०३२ रेटेट सूरवीर लामा भने बंगलादेशका २२०६ रेटेट हसन पराग मेहदीसँग पराजित भए। सुरवीरले राम्रो खेले पनि अवसरको फाइदा लिन नसक्दा खेलको ५२औं चालमा आत्मसमर्पण गर्न बाध्य भए ।




राउण्ड रोबिन प्रणालीमा गोदावरीको होटेल भ्यू भृकुटीमा सञ्चालन भएको प्रतियोगितामा नेपालका २०२४ रेटेड फिडे मास्टर क्षितिज भण्डारी र पाकिस्तानका २०४६ रेटेड फिडे मास्टर अमिर करिमबीचको खेल प्रतिस्पर्धामक रहयो । रोचक रुपमा आक्रमण प्रत्याक्रम भएको खेलमा खेलको ७० औं चालमा पाकिस्तान खेलाडी अमिरले बाजी मारे । खुल्लातर्फ नेपाल, पाकिस्तान, बंगलादेश, भुटान र भारतका खेलाडीहरुको सहभागिता रहेको प्रतियोगितामा भारतका डिफेन्डिङ च्याम्पियन २४१५ रेटेट इन्टरनेशनल मास्टर नुबैर शाह शेखले भारतकै २५०८ रेटेड ग्राण्ड मास्टर सयान्तन दिनालाई पराजित गरे । निकै कठिन रोचक खेलमा नुबेरले आफू भन्दा उच्च रेटेड ग्राण्ड मास्टर सयन्तनलाई खेलको ५८औं चालमा सिकार बनाए । यसअघि प्रतियोगिताको उद्घाटन राष्ट्रिय खेलकुद परिषद (राखेप)का सदस्य सचिव टंकलाल घिसिङ र एशियन चेस फेडेरेशनका उपाध्यक्ष भरत सिंह चौहानले संयुक्तरूपमा गरेका थिए । प्रतियोगिता ६ दिनसम्म चल्नेछ ।

# वीरगंजको मुख्य सडक विस्तारको मुद्दा अझै टुङ्गो लागेन




**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिकाको सडक विस्तारको मुद्दाको सुनुवाइ पुनः पछाडी धकेलिएपछि सडक बिस्तारको पक्षमा रहेका नगरबासीमा निराशा छाएको छ।

त्रिभुवन राजपथअन्तर्गत वीरगंज महानगरपालिकाको गण्डक चोकदेखि पावर हाउस चोक, घण्टाघर, आदर्शनगर, रजतजयन्ति चोक, शङ्कराचार्यद्वार हुँदै मितेरीपुल सम्मको सडक विस्तार सम्बन्धी मुद्दा सर्वोच्च अदालतले बुधबार पनि हेर्न नभ्याइनेमा राखेको छ। मुद्दा सर्वोच्च अदालतका न्यायधिशद्वय विश्वम्भरप्रसाद श्रेष्ठ र तिलप्रसाद श्रेष्ठको सयुक्त इजलाशमा परेको थियो।

लक्ष्मण साह रौनियार, राजकुमारी देवी तुलस्यान र भरत प्रसाद रौनियारको रिट क्रम संख्या ६ र निवेदक वीरेन्द्र कुमार संघाईको ७ नम्बर, विक्रम गुरुङको रिट १७ नम्वरमा परेको मुद्दा हेर्न नभ्याइनेमा परेको हो। सडक विभागअन्तर्गत सडक डिभिजन कार्यालय हेटौंडा र व्यापारिक मार्ग विस्तार आयोजना कार्यालयले २०७६ सालमा छठपछि नै सडक विस्तार गर्ने तयारी गरेपनि त्यस आसपासका घरधनीहरु बाधक बन्दै आएका छन्। २०७६ भदौमा निकालेको १५ दिने सूचनाको म्याद सकिएपछि फेरी म्याद दिएर कार्यालयले घरधनीलाई आफ्नो घर आफैं भत्काउन आग्रह गरेको थियो। सडक विस्तार आयोजनाले एक चरण नापीको कामसमेत सम्पन्न गरिसकेको छ। सडक डिभिजन कार्यालय हेटौडाका डिभिजन प्रमुख राजेश यादवले अदालतले मुद्दामा सुनुवाइ नै नगर्दा समस्या भइरहेको बताए। कानूनी प्रक्रिया र सर्वोच्च अदालतको आदेशअनुसार नै अघि बढ्ने बताउँदै उनले आफूहरुले सबै कागजात तयार गरेर सरकारी वकिललाई जिम्मा लगाइसकेको जानकारी दिए।

पेशी चढाउने तर सुनुवाइ नै नगर्ने प्रवृतिले गर्दा समस्या भएको हुँदा यो विषयलाई अदालतले निकास दिनुपर्ने यादवको भनाई छ। वीरगञ्जको विकासका लागि सडक फराकिलो हुनुपर्ने आवश्यक्ता औंल्याउँदै वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले अदालतको आदेश कुरेर बसेको बताए। अदालतले अनिर्णयको बन्दी बनाएर राख्न मिल्दैन। निकास दिनुपर्छ' भन्दै नगर प्रमुख सिंहले, '०७६ सालमा परेको मुद्दा ०८० सालसम्म पेशी चढ्दा पनि टुंगो नलाग्नु दुःखद विषय भएको बताए।

# महानगरद्वारा नगरमा पानी वितरण







**मधेशदृष्टि**
**वीरगंज।**
अत्याधिक गर्मीका कारण पानीको श्रोत सुकेसंगै वीरगंज महानगरपालिकाले नगरक्षेत्रका विभिन्न स्थानमा पानी वितरण गरेको छ।

गर्मीको कारण धारा र चापाकलको पानी सुक्न थालेपछि महानगरपालिकाले नगर क्षेत्रको वडा १, १२, १६, २४ लगायत वडाहरुमा टयांकरमार्फत नगरबासीलाई पानी वितरण गरेको हो। जेठको पहिलो सातादेखि नै सर्वसाधारणका घरमा चापाकल, धाराबाट पानी आउन छाडेको छ भने मोटरले समेत पानी तान्न सकेको छैन। पानीको अभावले नगरबासीको दैनिकी प्रभावित भएपछि करिब १ सातादेखि प्रभावित वडाहरुमा पानी वितरण गर्दै आएको वीरगञ्ज महानजगरपालिका नगर प्रमुख राजेशमान सिंहले जानकारी दिए।

उनले प्रचण्ड गर्मीमा नगरबासीलाई केहि राहत होस भन्ने अभिप्रायले पानी सुकेको स्थानमा टयांकरको मार्फत पानी वितरण गरिएको बताए। सुख्खा र खडेरीको कारण पिउने पानीको समेत अभाव भएपछि वडा अध्यक्षहरुले पानीको व्यवस्था गर्न महानगरपालिकालाई आग्रह गरेसंगै टयांकरबाट सम्बन्धीत वडामा पानी वितरण गरिएको नगर प्रमुख सिंहले बताए। यसैगरी प्रचण्ड गर्मीले प्रभावित यात्रु तथा सर्वसाधारणलाई वीरगंज महानगरपालिकाले भिडभाड हुने क्षेत्रहमा चिसो पानी पिउने व्यवस्था मिलाएको छ।

महानगरले भन्सार क्षेत्र, नारायणी अस्पताल, घण्टाघर, मालपोत, जिल्ला प्रहरी कार्यालय, यातायाता कार्यालय नजिकै चिसो पानीको पिउने व्यवस्था गर्न लागेको समेत नगर प्रमुख सिंहले बताए।

# जगरनाथपुरमा किराना पसलबाट खोप खरिदविक्री भएको खुलासा

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको जगरनाथपुर गाउँपालिकाले गत आर्थिक वर्षमा किराना पसलबाट खोप खरिद गरेको महालेखा परिक्षकको वार्षिक प्रतिवेदनमा उल्लेख छ।

खोप जस्तो संवेदनशिल सामाग्री किराना पसलबाट खरिद गरेको भेटिएपछि महालेखाको ध्यानाकर्षण भएको छ। जगरनाथपुर गाउँपालिकामा विविध प्रकारका ठेक्कापट्टा गर्ने, निर्माण सामग्री कारोबार गर्ने, जिन्सी, हार्डवेयर लगायतका सामानको खुद्रा व्यापार गर्ने गरी फर्म दर्ता भएकोमा भ्याक्सिन जस्तो विशेष भण्डारण गरी राख्नुपर्ने वस्तुको समेत किराना पसलबाट खरिद गरिएको बिल भेटिएको महालेखाले जनाएको छ।

गाउँपालिकाले ३ वटा फर्मबाट १४ लाख १३ हजार ३७९ रुपैयाँ बराबरको भ्याक्सिन खरिद गरेको महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा उल्लेख छ। ०७८ फागुन २१ मा जय दुर्गा गहवामाई सप्लायर्सबाट ४ लाख ७६ हजार ६८४ रुपैयाँको पीपीआर भ्याक्सिन-२५६० खरिद भएको छ। सोही मितिमा महादुर्गा सप्लायर्सलाई बीक्यू भ्याक्सिन, ३ र ५ एमएलको सिरिन्ज तथा सिरिन्ज भण्डारणका लागि ४ लाख ७६ हजार ६८४ रुपैयाँ भुक्तानी गरिएको छ। यसैगरी फागुन ९ मा पृथ्वीराज ट्रेड सप्लायर्सबाट ४ लाख ६० हजार रुपैयाँको सिरिन्ज र बीक्यू भ्याक्सिन खरिद गरेको छ।

जिल्ला स्वास्थ्य कार्यालयका एक अधिकृतका अनुसार किराना पसलबाट भ्याक्सिन खरिदको बिल



पेस गरी अनियमितता त गरिएकै छ, त्यसमाथि सिरिन्ज भण्डारणको समेत भुक्तानी गरेका छन्। उक्त भ्याक्सिन उपयोगसमेत नभएकोले भुक्तानी भएको रकम असुल गर्नु पर्ने महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको प्रतिवेदनमा उल्लख छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा कुनै रकम भुक्तानी दिंदा रित पुगे/नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०७७/८८ मा टेन्डर भई कार्य सम्पन्न भइसकेको सम्बन्धित विभिन्न योजनाहरुको भुक्तानी दिन बाँकी रकमबाट गाउँपालिकाले किराना पसलबाट भ्याक्सिन खरिद गरेको पाइएको छ।

जगरनाथपुर गाउँपालिका अध्यक्ष श्रीकान्त यादवले गाउँपालिकाका तत्कालीन अध्यक्ष जालिम मियाँको कार्यकालमा यस्तो अनियमितता भएको बताउदै महालेखा परीक्षकको कार्यालयको प्रतिवेदन अनुसार अनियमितता गर्ने सम्बन्धित कर्मचारी र फर्म र जनाप्रतिनिधिलाई कारवाहीका लागि पत्राचार गरिएको अध्यक्ष यादवले जानकारी दिए। उनले यस्ता अनियमितताामा अखितयार दुरुपयोग अनुसन्धान आयोगले समेत कारबाही गर्नुपर्ने बताए।

# विभिन्न कार्यक्रमको आयोजना गरि रक्तदाता दिवस मनाइयो




**मधेशदृष्टि**
**वीरगंज।**
विश्व रक्तदाता दिवसको अवसरमा नेपाल रेडक्रस सोसाईटी पर्सा, ब्लड डोनर्स एशोसिएशन पर्सा लगायतका संस्थाहरुले विभिन्न कार्यक्रमको आयोजना गरेका छन्।

सो अवसरमा बुधबार ब्लड डोनर्स एसोसिएसन पार्साले वीरगंजमा सम्मान कार्यक्रमको आयोजना गरेको छ। कार्यक्रमलाई सम्बोधन गर्दै वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले ३/३ महिनामा खेर जाने रगतलाई रक्तदान गरेर सदुपयोग गर्दा रगतको अभावमा कसैको ज्यान नजाने बताए। उनले रक्तदान गर्नेहरुको स्वास्थ्य अवस्था सुदृढ हुने र आफूले पनि रक्तदान गर्दै आएको जानकारी दिए। नगर प्रमुख सिंहले स्वस्थ्य अवस्थाका १८ वर्षमाथि र ६० वर्ष मुनिका सबैलाई रक्तदान गर्न आग्रह गरे। ब्लड डोनर्स एशोसिएशन पर्साका अध्यक्ष शत्रुघन नेपालको सभापतित्वमा सम्पन्न कार्यक्रममा रेडियो वीरगंज तथा टिभी वीरगंजका कार्यकारी अध्यक्ष ध्रुब शाह, सामुदायिक सेवा केन्द्र छपकैयाका अध्यक्ष ग्यासुद्दीन ठकुराई, नेगेटिभ रक्त समूहका निशान्त लामिछाने लगायतले मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रममा २०७९ वैशाखदेखि चैतसम्म सय पिन्ट भन्दा बढी रक्तदान गर्ने रेडियो वीरगंजसहित २३ वटा संस्था, सोही अवधिमा दुईपटक वा सोभन्दा बढी रक्तदान गर्ने सङ्घसंस्था, आकस्मिक रक्तदान गर्ने २९ जना रक्तदाता, २३ जना दुर्लभ रक्तदाता, प्रत्येक तीन/तीन महीनामा रक्तदान गर्ने पाँचजना स्वयंसेवी रक्तदातालाई सम्मान गरिएको थियो। यसैबीच नेपाल रेडक्रस सोसाइटी पर्सा शाखाले उपशाखाहरुको सहकार्यमा बहुदरमाई नगरपालिकाको दुई स्थानमा विश्व रक्तदाता दिवसको अवसरमा उत्प्रेरणा कार्यक्रम सम्पन्न गरेको छ।

यसैगरी दिवसको अवसरमा पर्सा र बारामा रक्तदान कार्यक्रमको आयोजना गरिएको छ। नारायणी वयोधा मेडिसिटी अस्पताल गण्डकले आयोजना गरेको रक्तदान कार्यक्रममा सातजना महिलासहित ४१ जना, र बाराको छातापिपरामा आयोजित कार्यक्रममा २९ जना गरि ६० जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्रमुख सौरभ राज पाण्डेले जानकारी दिए।

# उद्धार गरिएका युवकको मृत्यु





**मधेशदृष्टि**
**वीरगंज।**
मानवसेवा आश्रम वीरगञ्जले हिजो गण्डक हस्पिटल छेउबाट उद्धार गरेको युवकको मृत्यु भएको छ। स्थानियबासिन्दाले फोहोर र ढल बग्ने नालीमा नग्न अवस्थामा उद्धार गरिएको युवकको बुधबार अपरान्ह मृत्यु भएको हो।

वीरगंज महानगरपालिका वडा नम्बर २५ सिर्सियास्थित आश्रममा लगेर सरसफाई गरेपछि ति अपरिचित युवकको अवस्था फेरिएको थियो। मानसिक सन्तुलन ठीक नभएको अवस्थाबाट उद्धार गरिएका युवकले आश्रमकै स्वयमसेविकालाई झापड हान्नेदेखि लिएर गमला फुटाउनेसम्मका क्रियाकलाप गरेको हुँदा उनलाई नियन्त्रणमा राखिएको थियो।

मनोरोगी विशेषज्ञ डा. भरत कुमार गोइत कहाँ लैजाने क्रममा उनको बाटोमै मृत्यु भएको मानवसेवा आश्रम वीरगंजकी संयोजक सानु गुरुङले बताए। अहिले मृतक युवकको शव वीरगञ्जको पानीट्याङकीस्थित प्रभु अस्पतालमा राखिएको छ।

यसअघि वीरगंजको गण्डक छेउको नालामा मानसिक सन्तुलन गुमाएको युवक नग्न अवस्थामा रहेको भन्ने जानकारी पाएपश्चात कार्यालयका सचिव दिवेश तामाङको नेतृत्वमा गएको टोलीले उद्दार गरी आश्रममा ल्याएको थियो। उद्दार गरिएको ति युवकको शरिर भरी निलडाम रहेको थियो। भने उनलाई कसैले कुटपिट गरेर नालामा फ्याकेको हुन सक्ने गुरुङले बताए। हाल वीरगञ्जस्थित मानवसेवा आश्रममा ५ जना बालबालिका, ५५ जना जेष्ठ नागरिकसहित ६० जनाले आश्रय लिएका छन्।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम-२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१-५९०२८९, E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन